# मेरो नेपाली

## कक्षा ५

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

ISBN: 978-9937-8247-2-9

© प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०५१
परिमार्जित संस्करण : वि.सं. २०७४
मूल्य रु: ७१/–

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बन, सिर्जनशीलता जस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सिपका साथै विज्ञान, पेसा व्यवसाय, सूचना तथा सञ्चार प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५ लाई मूल आधार मानी शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तर्क्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषणसमेतलाई समेटी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

विद्यार्थीले विकास गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई स्थायित्व दिन सकेमा भाषा सिकाइ प्रभावकारी हुन्छ । यसलाई दृष्टिगत गरी यसमा भाषिक सिप विकासका लागि पर्याप्त अभ्यास राखिएका छन् । त्यसैले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सकेसम्म भाषाका चार ओटै सिपको विकास गर्ने विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउन आवश्यक हुन्छ । वि.सं. २०५३ मा उषा दीक्षितले लेख्नुभएको र दिवाकर ढुङ्गेलले सम्पादन गर्नुभएको पाठ्यपुस्तकलाई प्रा. डा. केदार शर्मा, द्रोण दाहाल, रमेशप्रसाद भट्टराई, गणेशप्रसाद भट्टराई र विष्णुप्रसाद अधिकारीद्वारा लेखन, परिमार्जन तथा सम्पादन गरी यस रूपमा तयार पारिएको हो । यसको थप परिमार्जन कार्यमा यस केन्द्रका कार्यकारी निर्देशक हरिबोल खनाल, प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. दयाराम श्रेष्ठ, धनञ्जय शर्मा र गीता खरेलको विशेष योगदान रहेको छ । यसको विषयवस्तु सम्पादन द्रोण दाहाल र गणेशप्रसाद भट्टराईबाट, भाषा सम्पादन शम्भुप्रसाद दाहाल र विष्णुप्रसाद अधिकारीले गर्नुभएको हो । यस पुस्तकलाई चार रङमा विकास गर्न र यसको रूप विन्यास एवम् कला सम्पादन कार्य श्रीहरि श्रेष्ठले गर्नुभएको हो ।उहाँहरूलगायत यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि. सं. २०७४

# विषय सूची


| पाठ | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | नैतिक दृष्टान्त | १ |
| २ | कर्मको फल | ४ |
| ३ | कामको महिमा | १२ |
| ४ | किसानको रहर | १७ |
| ५ | आँखाको ज्योति | २१ |
| ६ | समय | ३१ |
| ७ | बाल दिवस | ४० |
| ८ | अनौठा प्रश्न | ४७ |
| ९ | हाम्रो यात्रा | ५३ |
| १० | साथीलाई चिठी | ५९ |
| ११ | नदी | ६३ |
| १२ | प्रेरणा | ६७ |
| १३ | रिसको औषधी | ७२ |
| १४ | सिक्नुपर्ने कुरा | ८० |
| १५ | बिरामी बिदाको निवेदन | ८५ |
| १६ | देशको माटो | ८९ |
| १७ | सबैभन्दा ठुला भक्त | ९३ |
| १८ | परीक्षाको तयारी | १०३ |
| १९ | नर्सको जीवन | १०९ |
| २० | राष्ट्रिय गौरव | ११५ |
| २१ | पश्चात्ताप | १२० |
| २२ | किताब कसरी बन्छ ? | १२८ |

१

# नैतिक दृष्टान्त

लेखनाथ पौड्याल

उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर ।
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ।।



दबिन्छ गुणिको दोष गुणका रासमा परी ।
रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी ।।

कसैको लोकमा छैन एकैनास समुन्नति ।
अरूको के कुरा हेर सन्ध्यामा सूर्यको गति ।।

मिलेर काम गर्नाले हुन्छ अत्यन्त फाइदा ।
एकता हेर कस्तो छ मौरीको महमा सदा ।।

योग्य स्थानबिषे मान सानाले पनि पाउँछ ।
कृष्णाका तटको ढुङ्गो देवता कहलाउँछ ।।

मूर्खका मनमा अर्ती गालीतुल्य बिझाउँछ ।
दूध पान गरी सर्प खालि विष बगाउँछ ।।

## अभ्यास

१. 'नैतिक दृष्टान्त' कविता शिक्षकले वाचन गरेको सुन र त्यसैअनुसार वाचन गरेर सुनाऊ ।

२. तलका शब्द प्रस्टसँग उच्चारण गर :

व्यक्ति, गुणी, बेसरी, सन्ध्या, मह, देवता, ढुङ्गो, सर्प

३. सच्याएर कापीमा सार :

गुणि, अरू, दुस्ट, काढा, सुर्जे

४. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| उपकारी | थुप्रो |
| निरन्तर | किरण |
| रास | उपयुक्त, उचित |
| रश्मि | किनार |
| सन्ध्या | अरूको भलाइ गर्ने |
| योग्य | सधैँ |
| कृष्णा | साँझ |
| तट | काली गण्डकी |

५. उत्तर भन :

(क) उपकारी गुणी व्यक्ति कस्तो हुन्छ ?

(ख) साँझमा सूर्यको गति हेरेर के सिक्न सकिन्छ ?

(ग) कहाँको ढुङ्गो देवता मानिन्छ ?

(घ) किन मिलेर काम गर्नुपर्छ ?

(ङ) सर्पले के खाएर विष बगाउँछ ?

६. **कविताका पङ्क्ति पूरा गर :**

कसैको .................. .................. .................. ..................

.................. .................. .................. .................. .................. .................. गति

७. **तलका शब्दलाई वाक्यमा प्रयोग गर :**

गुणी, वृक्ष, रास, रश्मि, समुन्नति, एकता, योग्य, गाली

८. **पढ, बुझ र सार :**

मूर्खका मनमा अर्ती गालीतुल्य बिझाउँछ ।
दूध पान गरी सर्प खालि विष बगाउँछ ।।

९. **तलका शब्दको उल्टो अर्थ दिने शब्द लेख :**

गुण, उन्नति, साँझ, फाइदा, योग्य, मान, मूर्ख

जस्तै : गुण - दोष

१०. **उत्तर लेख :**

(क) फलेको रुखको हाँगाले हामीलाई के सिकाउँछ ?

(ख) गुणीको दोष र चन्द्रमाको दागलाई कसरी तुलना गरिएको छ ?

(ग) किन सबैको एकैनास उन्नति हुँदैन ?

(घ) मौरीबाट के सिक्न सकिन्छ ?

(ङ) कस्तो अवस्थामा सानाले पनि सम्मान पाउँछ ?

११. **तालिकाबाट वाक्य बनाऊ :**

| | | |
|---|---|---|
| म | गुणी | बन्छु । |
| हामी | दुष्ट | बन्दिनँ । |
| | असल | बन्छौँ । |
| | छुचो | बन्दैनौँ । |
| | उपकारी | |

१२. **'नैतिक दृष्टान्त' कविताबाट सिकेका कुराहरू बढाएर लेख ।**

२

# कर्मको फल

एउटा गाउँमा एउटी वृद्ध बस्थिन् । उनी गरिब भए पनि दयालु थिइन् । उनी अरूलाई सक्दो सहयोग गर्थिन् । गाउँलेहरू पनि उनलाई राम्रो दृष्टिले हेर्थे । परे का वेलामा गाउँलेहरू उनलाई सहयोग गर्थे ।

एक दिन वृद्धा मन्दिरबाट घर आउँदै थिइन् । उनले बाटामा सुगा देखिन् । सुगा छटपटाइरहेको थियो । त्यो कहिले पखेटा फटफटाउँथ्यो त कहिले खुट्टा तन्काउँथ्यो । उनी सुगाछेउ गइन् । उनका मनमा सुविचार आयो । उनले सुगालाई हातमा लिइन् । सुगाको खुट्टो भाँचिएको रहेछ । खुट्टाबाट रगत पनि बगिरहेको थियो । उनले भनिन्, "कठैबरा, कुन पापीले यसको खुट्टा भाँचिदिएछ । घर लगेर औषधी गरिदिनुपर्‍यो ।" उनले सुगालाई घर ल्याई औषधी लगाइदिइन् । सुगा निको भयो । निको भएको दुई तिन दिनपछि सुगा अन्तै गयो ।



केही समयपछि अचानक त्यही सुगा चुच्चामा अनार च्यापेर उनको आँगनमा आयो । उनले मनमनै भनिन्, "मैले उपचार गरेको सुगा यही जस्तो छ । यसले चुच्चामा च्यापेर के ल्यायो ?"



सुगा अनारको दाना त्यहाँ छोडेर उड्यो । वृद्धालाई झन् उत्सुकता भयो । उनले अनारका दाना टिपिन् । वृद्धाले ती दानालाई आफ्नो बारीको एक छेउमा रोपिन् ।

केही समयपछि बारीमा अनारको एउटा बोट देखियो । बोटमा लटरम्म अनार फलेका थिए । उनले एउटा अनार टिपेर फुटाइन् । अनार फुटाउँदा त्यसबाट हिरा र मोती भुइँमा खसे । यो देखेर उनलाई अचम्म लाग्यो । उनले आफ्नो दु:खका दिन गए भन्ने सोचिन् । उनले हिरा र मोती बजारमा लगेर बेचिन् । त्यसपछि उनी सम्पन्न भइन् ।



त्यही गाउँमा अर्को अधबैँसे मानिस बस्थ्यो । ऊ असल थिएन । ऊ अरूको प्रगति देखेर रिस गर्थ्यो । गाउँलेहरू उसलाई मन पराउँदैनथे । उसलाई वृद्धा कसरी सम्पन्न भइन् भन्ने जान्ने उत्सुकता बढ्यो । उसमा आफू पनि वृद्धा जस्तै धनी बन्ने इच्छा जाग्यो । उसले वृद्धासँग गएर सोध्यो, "आमा, तपाईं कसरी यति धनी बन्नुभयो ? तपाईंले कुनै खेलोफड्को गरे जस्तो पनि लाग्दैन । फेरि तपाईंलाई कसैले दियो भनौँ भने गाउँमा कोही दानी छैनन् । कुरा के हो, आमा ?"

वृद्धा सोझी थिइन् । उनले सबै कुरा बताइन् । त्यस अधबैँसे मानिसलाई पनि त्यस्तै एउटा घाइते सुगा भेट्न पाए हुन्थ्यो भन्ने लाग्यो ।



उसले कतै पनि त्यस्तो सुगा भेटेन । सुगा नभेटिएपछि उसका मनमा एउटा कुविचार आयो । उसले सोच्यो, "घाइते सुगा भेटिएन । म आफैँ एउटा सुगालाई घाइते किन नपारूँ !"

उसले एउटा सुगा समायो । लट्ठीले त्यस सुगाको एउटा खुट्टा भाँच्यो । अनि उसले त्यस सुगालाई घर लग्यो । त्यसको खुट्टामा औषधी लगाइदियो । तिन चार दिनपछि सुगा ठिक भयो । ठिक भएपछि सुगा उड्यो । त्यसले पनि आफ्नो चुच्चामा अनारको दाना ल्यायो । अधबैँसे मान्छेले त्यो दाना आफ्नो बारीमा रोप्यो ।



अनार लटरम्म फले । उसले अनार टिप्यो र फुटायो । आश्चर्य ! त्यस अनारबाट दुई ओटा बिच्छी निस्किए । उसले अर्को अनार



फुटायो । त्यसबाट त झन् डरलाग्दो सर्प पो निस्क्यो । त्यस मान्छेको डरको सीमा नै रहेन । ऊ आत्तियो तर अनार फुटाउन छाडेन । हरेक अनारबाट डरलाग्दा र विषालु जीवहरू मात्र निक्ले । आखिरमा सबै जीवले त्यस अधबैंसे मानिसलाई चारैतिरबाट घेरे । सबैले आफ्नो आफ्नो स्वभावअनुसार उसलाई टोके ।

त्यस मान्छेलाई अचम्म लाग्यो । "ओहो, यो के भयो ! वृद्धाले अनार फुटाउँदा चाहिँ हिरा मोती निस्के । मलाई यस्तो ! पक्कै पनि यो मैले सुगालाई घाइते बनाएको दुष्कर्मको फल हो । दुष्कर्मको फल राम्रो हुँदो रहेनछ ।"

उसलाई हुनसम्मको पछुतो लाग्यो ।

## अभ्यास

१. **सुन र भन :**

वृद्धा, दृष्टि, खुट्टा, लट्ठी, दुष्कर्म, पछुतो

२. **'कर्मको फल' कथा पालैपालो पढेर सुनाऊ ।**

३. **सच्याएर कापीमा सार :**

राम्रो, उट्सुकता, लतरम्म, आस्चर्य, बिछ्छी, विनासीत्ती

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| दृष्टि | धनी |
| दैलो | खराब काम |
| लटरम्म | हेराइ |
| सम्पन्न | जान्ने इच्छा |
| अधबैँसे | उन्नति |
| प्रगति | व्यवसाय |
| उत्सुकता | ढोका |
| खेलोफड्को | आधा उमेर ढल्केको |
| दुष्कर्म | बोट नै ढाक्ने गरी, लट्टै |

५. **पाठको दोस्रो अनुच्छेद पढेर नजिकैका साथीले सोधेका तलका प्रश्नको उत्तर बताऊ :**

(क) वृद्धा किन मन्दिर गएकी थिइन् ?

(ख) सुगाप्रति वृद्धाले दया देखाउनुको कारण के हुन सक्छ ?

(ग) सुगाको खुट्टा भाँच्ने मानिस कस्तो स्वभावको थियो ?

(घ) वृद्धाले सुगालाई कस्तो अवस्थामा फेला पारिन् ?

(ङ) वृद्धाले उपचार गरेको सुगा किन उनलाई छोडेर अन्तै गएको होला ?

६. तलका प्रश्नहरूको उत्तर भन :

(क) वृद्धा कस्ती थिइन् ?

(ख) वृद्धाले सुगालाई के गरिन् ?

(ग) अधबैँसे मान्छे कस्तो थियो ?

(घ) अधबैँसे मान्छेको मनमा कस्तो दुर्विचार आयो ?

(ङ) अधबैँसे मान्छेलाई के केले टोके ?

७. पढ र लेख :

कठैबरा, दैलो, आँगन, व्यापार, औषधी, डरलाग्दा, दुर्गति, कुविचार

८. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

एक्ली, आश्चर्य, उत्सुकता, लटरम्म, दुष्कर्म, सम्पन्न

९. तलका भनाइ कसका हुन्, लेख :

(क) कठैबरा, कुन पापीले यसको खुट्टा भाँचिदिएछ ।

(ख) फेरि तपाईँलाई कसैले दियो भनौँ भने गाउँमा कोही दानी छैनन् ।

(ग) घाइते सुगा भेटिएन । म आफैँ एउटा सुगालाई घाइते किन नपारूँ !

(घ) दुष्कर्मको फल राम्रो हुँदो रहेनछ ।

१०. उत्तर लेख :

(क) किन सबैले वृद्धालाई सहयोग गर्थे ?

(ख) वृद्धा कसरी सम्पन्न भइन् ?

(ग) अधबैँसे मान्छे वृद्धाकहाँ जानुको कारण के थियो ?

(घ) वृद्धा र अधबैँसे मानिस तिमीलाई कस्तो लाग्यो ? किन ?

११. 'कर्मको फल' कथाबाट तिमीले सिकेका कुरा लेख ।

१२. तलका वाक्यमा शब्दका क्रम मिलेका छैनन् । क्रम मिल्ने गरी वाक्य बनाऊ :

(क) आउँछ्यौ कहिले गाउँ गएर तिमी ?

(ख) दिनपछि म पच्चिस फर्किहाल्छु नि ।

(ग) हो ठुलो सबैभन्दा कुरा सरसफाइ ।

(घ) बचाउनुपर्छ र ठन्डी चिसोबाट बच्चालाई ।

(ङ) लेख्यो भने जथाभाबी किताबमा हुँदैन राम्रो ।

१३. तल दिइएको तालिकाबाट वाक्य बनाऊ :

| | | | |
|---|---|---|---|
| हरि<br>सोनाम | बिस्तारै<br>छिटो | आउँदै<br>जाँदै<br>पढ्दै<br>लेख्दै | छ ।<br>थियो । |

१४. उदाहरण हेरी तल दिएका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

उदाहरण गरिब तर दयालु
वृद्धा गरिब थिइन् तर दयालु थिइन् ।

(क) मोटो तर फुर्तिलो

(ख) धनी तर कन्जुस

(ग) पातलो तर न्यानो

(घ) बलियो तर मूर्ख

(ङ) सानो तर महत्त्वपूर्ण

१५. उदाहरणमा दिइए जस्तै वाक्य लेख :

| | | |
|---|---|---|
| उदाहरण | अघि | पछि |
| | पढेर | पढ्न |
| | ऊ पढेर गयो । | ऊ पढ्न गयो । |
| | अघि | पछि |

| | | |
|---|---|---|
| (क) | खाएर | खान |
| (ख) | गरेर | गर्न |
| (ग) | रोपेर | रोप्न |
| (घ) | काटेर | काट्न |
| (ङ) | हेरेर | हेर्न |

**१६. तिमीले जानेको कथा कक्षाका साथीलाई सुनाऊ ।**

**१७. तलको चित्र हेरी एउटा सानो कथा बनाऊ :**



**१८. तलका गाउँखाने कथाको उत्तर भन :**

(क) बाहिर सुन, भित्र चाँदी, के हो ?

(ख) लहरो तान्दा पहरो गर्जन्छ, के हो ?

(ग) सानोसानो रुख छ चढ्नलाई दुःख छ, के हो ?

(घ) नौतले घरको झ्याल न ढोका, के हो ?

(ङ) सुरिलो रुखको एउटा पात, के हो ?

| बाँस | धान | मोही पारेको | पनिउँ | सिस्नो |
|---|---|---|---|---|

**१९. तिमीले जानेका पाँच ओटा गाउँखाने कथा कक्षामा सुनाऊ ।**

# ३ कामको महिमा



मानिस चेतनशील प्राणी हो । ऊ बुद्धिले बाँच्न चाहन्छ । मानिसलाई जीवन निर्वाह गर्न विभिन्न चिज चाहिन्छन् । यस्ता आवश्यकता पूरा गर्न काम गर्नुपर्छ । काम गर्दा आम्दानी हुन्छ । नगदी र जिन्सी रूपमा प्राप्त हुने आम्दानीले घरका कामकाज चलाउन सकिन्छ ।

हाम्रा पुर्खाहरू पनि काम गर्थे । कामबाट नै विकासको थालनी भएको हो । सुरुमा काम गर्ने क्षेत्र सानो थियो । मानिसले धेरै काम जानेकै थिएन । हिजोआज काम गर्ने क्षेत्र ठुलो छ । अहिले मानिसहरू खेतीपाती, उद्योगधन्दा, कारखाना, विद्यालय, कार्यालय आदि क्षेत्रमा काम गर्छन् । काम गर्न सिप चाहिन्छ । सिप आर्जन गर्न सके चाँडो र राम्रो काम गर्न सकिन्छ । कामको खाँचो पनि हुँदैन ।

काम गर्दा मानिस सानो हुँदैन । आफ्नो उन्नतिका लागि आफूले जानेको काम गर्नुपर्छ । यो काम गर्दिनँ, त्यो चाहिँ गर्छु भन्ने बानीले हामीलाई नै पछि पार्छ । कामले मानिसलाई महान् बनाउँछ ।

हामी कामलाई सम्मान गर्छौं । सकेको काम गर्नुलाई हामी आफ्नो कर्तव्य ठान्छौं । धेरैजसो नेपालीहरू खेती गर्छन् । केही जागिर खान्छन् । केही उद्योग धन्दामा काम गर्छन् । केही चाहिँ व्यापार व्यवसाय गरेर जीवन निर्वाह गर्छन् ।

हिमाली क्षेत्रका मानिस जौ, फापर, आलु आदिको खेती गर्छन् । उनीहरू पशुपालन र फलफूल खेती पनि गर्छन् ।



पहाडका मानिसहरू मकै, कोदो, गहुँ, धान, तरकारी र फलफूल उत्पादन गर्छन् । यहाँ पशुपालन व्यवसाय पनि फस्टाएको छ । यहाँका मानिसहरू अन्नपात, तरकारी, फलफूल र दुग्ध पदार्थको बिक्री गरेर आय आर्जन गर्छन् । तराई नेपालको अन्न भण्डार हो । यहाँ धान, मकै, गहुँ, दलहन र फलफूल उत्पादन हुन्छ । तराईका मानिसहरूले अन्नपात बिक्री गरेर पैसा कमाउँछन् ।

केही नेपाली कारखानामा पनि काम गर्छन् । नेपालमा चिया, जुट र चिनीका उद्योग खुलेका छन् । यस्ता उद्योग कृषिमा आधारित हुन्छन् । यहाँ साबुन, कपडा र फलामका कारखाना पनि छन् । विदेशबाट सामान ल्याएर पनि यहाँ सामानहरू तयार गरिन्छ । यसरी उद्योगबाट धेरै मानिसले रोजगारी पाएका छन् ।

जीवनयापन गर्न कुनै न कुनै पेसा चयन गर्नुपर्छ । त्यसका लागि हामीले बेलामा सिपहरू सिक्नुपर्छ । राम्ररी पढेर सिप सिकेमा पछि राम्रो काम गर्न सकिन्छ । हामीले भविष्यमा के गर्ने भन्ने सोच आजैदेखि बनाउनुपर्छ । निश्चित सोचले मानिसलाई लक्ष्यमा पुऱ्याउँछ । उद्येश्यविना काम गर्दा सफलता प्राप्त नहुन सक्छ । अहिलेको हाम्रो काम पढ्नु हो । मिहिनेत गरी पढेमा सफलता पाइन्छ ।

हामी हाम्रा बाआमालाई सानातिना घरायसी काममा सघाउन सक्छौँ । हामी घर आँगन सफा गर्ने, लुगाफाटो मिलाउने जस्ता काममा बाआमालाई सघाउन सक्छौँ । हामीले अल्छी गर्ने बानी त्याग्नुपर्छ । काम गर्ने बानीले शरीर तन्दुरुस्त

हुन्छ । काम गर्नाले रोग पनि लाग्दैन । हामीले घरायसी कामलाई पनि राम्रो ठान्नुपर्छ । धनी देशहरू कामले नै धनी भएका हुन् । हामी पनि काम गरेर देशको उन्नति गर्न सक्छौँ । यसैले काम गर्ने बानी बसाल्नु बुद्धिमानी हुन्छ ।

## अभ्यास

### १. पढेर सुनाऊ :

हामी हाम्रा बाआमालाई सानातिना घरायसी काममा सघाउन सक्छौँ । हामी घर आँगन सफा गर्ने, लुगाफाटो मिलाउने जस्ता काममा बाआमालाई सघाउन सक्छौँ । हामीले अल्छी गर्ने बानी त्याग्नुपर्छ । काम गर्ने बानीले शरीर तन्दुरुस्त हुन्छ । काम गर्नाले रोग पनि लाग्दैन ।

### २. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| चेतनशील | नगद बाहेकका अन्य सरसामान |
| जिन्सी | मास, सिमी आदि गेडागुडी |
| आय आर्जन | चेतना भएको, सचेत |
| दलहन | छनोट |
| चयन | स्वस्थ, फुर्तिलो |
| तन्दुरुस्त | आम्दानी |

### ३. वाक्यमा प्रयोग गर :

नगदी, कामकाज, उद्योगधन्दा, महान्, बालीनाली, उत्पादन, लक्ष्य, उन्नति

### ४. सच्याएर सार :

मानिष चेतनसिल प्रानि हो । ऊ बृद्धिले कामगर्न सक्छ । मानिस्लाई खान वस्न र जिवननिर्वाह गर्न बिभिन्न चीज आवश्यक पर्छन् ।

५. पाठको अन्तिम अनुच्छेद राम्रा अक्षर पारेर सार ।

६. उत्तर भन :

(क) जीवन निर्वाहका लागि सामान कसरी जुटाउन सकिन्छ ?

(ख) कामका क्षेत्रहरू के के हुन सक्छन् ?

(ग) नेपालीहरूका मुख्य पेसा के के हुन् ?

(घ) तिमी कुन कुन काममा आमाबालाई सघाउन सक्छौ ?

७. तलका भनाइको अर्थ लेख :

(क) मानिस चेतनशील प्राणी हो ।

(ख) कामले मानिसलाई महान् बनाउँछ ।

(ग) निश्चित सोचले मानिसलाई लक्ष्यमा पुऱ्याउँछ ।

८. तलका प्रश्नको उत्तर लेख :

(क) हामीले किन काम गर्नुपर्छ ?

(ख) हामीले किन पेसा छान्नुपर्छ ?

(ग) मानिस कसरी लक्ष्यमा पुग्न सक्छ ?

(घ) सिप आर्जन गर्नाले के फाइदा हुन्छ ?

(ङ) यो पाठ पढेर तिमीले सिकेका कुरा के के हुन् ?

९. पाठ पढ र आफ्ले जानेका उत्पादनसमेत थपेर तालिका पूरा गर :

| हिमालका मानिसले गर्ने उत्पादन | पहाडका मानिसले गर्ने उत्पादन | तराईका मानिसले गर्ने उत्पादन |
|---|---|---|
| १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. |

१०. तिम्रा छिमेकीले गर्ने पाँच ओटा काम लेखी शिक्षकलाई देखाऊ ।

११. तिम्रो छिमेकमा काम गर्न अल्छी मान्ने मानिसहरू होलान् । तिनलाई काम गर्नुपर्छ भनी सम्झाउनु परेमा के सल्लाह दिन्छौ, लेख ।

१२. तिम्रो आसपासमा भएका मन्दिर, हाटबजार, भेला, मेला वा जात्रामा जाऊ र त्यहाँ मानिसहरूले के के गर्छन्, हेरेर आई कक्षामा सुनाऊ ।

१३. रेडियो वा टेलिभिजनमा कृषि कार्यक्रम सुन र त्यहाँ प्रसारण भएका उपयोगी कुरा टिप ।

१४. उदाहरण हेरेर क्रियाको रूप बदल :

| उदाहरण | लिन्छन् - लिँदैनन् |
|---|---|

सक्छ, गर्छन्, ठान्छन्, हुन्छ, कमाउँछन्, लाग्छ

१५. कामको वर्तमान अवस्था जनाउने क्रियापदको रूपलाई वर्तमान काल भनिन्छ । पाठमा परेको "कामले मानिसलाई महान् बनाउँछ ।" भन्ने वाक्यले वर्तमान काल जनाउँछ । पाठबाट वर्तमान काल जनाउने पाँच वाक्य खोजेर तल लेख :

(क)

(ख)

(ग)

(घ)

(ङ)

# ४ किसानको रहर

सानो छ खेत, सानो छ बारी, सानै छ जहान
नगरी काम, पुग्दैन खान, साँझ र बिहान ।।
बिहानपख झुल्किन्छ घाम देउराली पाखामा
असारे गीत घन्किन्छ अनि सुरिलो भाकामा ।।
काँधको शोभा हलो र जुवा हातमा कोदाली
जीवन धान्न गर्नु नै पर्ने उकाली ओराली ।।
छुपु र छुपु हिलोमा धान रोपेर छोडौँला
बनाई कुलो लगाई पानी आएर गोडौँला
भनेर सानी पटुकी रातो बाँधेर झरेकी
धमिलो खोला बाढीले होला कसरी तरेकी !
गालामा साना पसिना दाना मोती झैँ खुलेकी
घाम र पानी, भोक र तिर्खा कसरी भुलेकी ।।
सुसेली हाली बयेली खेल्छ बतास रातमा
जुनले पोख्छ शीतका थोपा धानका पातमा ।।
सुनौला बाला झुलेर होला भुइँलाई छोएको
फलेको हाँगो कहिले छ र ननुही रहेको ?
हिमाल हाँस्छ मिलाई सेता दाँतका लहर
किसान बनी जहान पाल्ने यो मेरो रहर ।।



– साभार, महेन्द्र माला, कक्षा ५

१. 'किसानको रहर' कविता शिक्षकले वाचन गरेको सुन र त्यसैअनुसार वाचन गर ।

२. तलका शब्द प्रस्टसँग उच्चारण गर :

जहान, झुल्किन्छ, काँध, बाढी, धमिलो, थोपा

३. तलका शब्द सच्याएर कापीमा सार :

देउरालि, सोभा, गोढौँला, तिर्खा, हांगो

४. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| जहान | तिखो |
| देउराली | भिरालो जग्गा |
| पाखा | परिवार |
| घन्किन्छ | निर्वाह गर्नु, टार्नु |
| सुरिलो | धान, गहुँ आदिको बालीमा हावा लाग्दा उठ्ने लहर |
| शोभा | कम्मरमा बाँधिने, कपडा |
| धान्नु | सुहाउने भाव |
| काँध | गुन्जिन्छ |
| पटुका | पाखुराभन्दा माथि घाँटीभन्दा मुनिको अङ्ग |
| बयेली | मानिस आउने जाने गर्ने पहाडको अग्लो स्थान |

५. उत्तर भन :

(क) किसानको जहान कत्रो छ ?

(ख) असारे गीत कसरी घन्किन्छ ?

(ग) धान कसरी रोपिन्छ ?

(घ) पसिनाका दाना कस्ता देखिन्छन् ?

(ङ) जुनले धानका पातमा के पोख्छ ?

(च) फलेको हाँगो कस्तो हुन्छ ?

छ) किसानको के गर्ने रहर छ ?

## ६. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

देउराली, हलो, जुवा, कुलो, बयेली, बाला, हाँगो

## ७. पढ, बुझ र सार :

सानो छ खेत, सानो छ बारी, सानै छ जहान ।

नगरी काम, पुग्दैन खान, साँझ र बिहान ।।

## ८. उत्तर लेख :

(क) किसानले के गरी पेट पाल्छ ?

(ख) किसान कुन बेला खेतमा जान्छ ?

(ग) सानी कसरी खेतमा जान्छे ?

(घ) खेती गर्ने तरिका के हो ?

## ९. उदाहरण हेरी उस्तै सुनिने खालका दुई दुई शब्द लेख :

गोडौँला : छौडौँला, जोडौँला

(क) उकाली : ......, ........ (ख) तरेकी : ......, ........

(ग) पाखामा : ......, ....... (घ) तिमी : ......, ........

(ङ) जुन : ......, ........ (च) लाग्छ : ......, ........

(छ) लाग्यो : ......, ........ (ज) लामा : ......, ........

(झ) गीत : ......, ........ (ञ) चित्र : ......, ........

१०. वादविवाद प्रतियोगिता वा कविता वाचन प्रतियोगिता भएका ठाउँमा जाऊ र त्यहाँ मानिसहरू के के गर्छन्, हेर । उनीहरूले सुनाएका कुरामध्ये तिमीलाई राम्रा लागेका र नलागेका कुरा लेखेर कक्षामा सुनाऊ ।

११. तलका शब्दलाई जनाउने अरू एक एक शब्द लेखी शिक्षकलाई देखाऊ :

जहान, घाम, हात, खोला, पानी, दाँत, किसान

१२. 'पानी' शीर्षकमा कविता लेखी कक्षामा सुनाऊ ।

१३. तलका वाक्यलाई सच्याएर कापीमा सार :

कमला पढ्छ । तिनीहरू पढ्छ । म पढ्छ । आमा पढ्छ ।

# ५ आँखाको ज्योति



कुनै गाउँमा सन्तु नाम भएको आँखा नदेख्ने एउटा केटो बस्थ्यो । घरमा उनको बाबु र एउटा कुकुर मात्र थिए ।

एक दिन ऊ कोठामा बसिरहेको थियो । त्यही कोठामा लालटिनको उज्यालामा उनका बाबु केही लेख्दै थिए । सन्तुले दुईचार पटक आफ्नो कुकुरलाई बोलायो । कुकुर नआएपछि ऊ जुरुक्क उठ्यो र छ्यामछ्युम गर्दै ढोकातिर लाग्यो । कोठामा लालटिन छ भन्ने उसलाई पत्तै भएन । हिँड्दा लालटिनमा ठोकिएर ऊ लड्यो । लालटिन भुइँमा ढल्यो र मटितेल पोखियो । लालटिनको सिसा पनि फुट्यो । यो देखेर उसका बाबु रिसले कराए, "हत्तेरी ! फेरि आज लालटिन ढाल्यो । ए, सिसा पनि फुटेछ । सन्ते, तँ त खालि उपद्रो मात्रै गर्छस् । काम नबिगारेको त दिनै छैन । म त तँ देखेर हैरान भइसकेँ । मेरो कर्म पनि कस्तो रहेछ ।" बाबुको कुरा सुनेर ऊ अक्क न बक्क भयो ।

"अहो ! मैले बालाई असाध्यै दुःख दिएछु । बा दिक्क भइसक्नुभयो ।" सन्तुको मनमा नयाँ विचार आयो । उसले कुकुरलाई डोऱ्यायो र घरबाट निस्क्यो ।

सन्तु हातमा सधैँ एउटा लामो लट्ठी लिन्थ्यो । ऊ कुकुरलाई डोऱ्याएर दिनभरि यताउति भौँतारिन्थ्यो । कुकुरले पनि सन्तुलाई चौपट्टै माया गर्थ्यो । यी दुई मित्र कहिले पाटीमा सुत्थे । कहिले भुइँमै कहिले सडकको पेटीमा सुत्थे भने कहिले रुखको फेदमा यिनीहरूको रात बित्थ्यो ।



सन्तुलाई कुकुरले निकै सहारा दिएको थियो । ऊ विभिन्न किसिमको नाच देखाउँथ्यो । नाच हेर्न मानिस झुम्मिन्थे । उनीहरूले सन्तुलाई एक दुई रुपियाँ दिन्थे ।

त्यही रुपियाँ जम्मा गरी उसले केही खानेकुरा किन्थ्यो । आफू पनि खान्थ्यो, कुकुरलाई पनि दिन्थ्यो ।



एक रात टहटह जुन लागेको थियो । सन्तु ठुलो रुखको छहारीमा कुकुरसँगै निदायो र सपना देख्न थाल्यो । सपनामा एउटी अति राम्री परीले उसलाई भनिन्, "तिमी मलाई देख्न सक्छौ ?"

"अहँ, म आँखा देख्दिनँ । के तिमी मलाई देख्न सक्ने बनाइदिन सक्छ्यौ ?" उसले सोध्यो ।

"म देख्न सक्ने बनाउन त सक्दिनँ तर तिमी आफैँ देख्न सक्छौ । कुनै असल काम गर्ने बित्तिकै तिम्रा आँखामा ज्योति आउने छ । अरूलाई मदत गरेका वेला तिमी पहिलेभन्दा अलि राम्ररी देख्न सक्ने छौ । तिमी स्वार्थी भयौ र अरूलाई मदत गरेनौ भने तिम्रा आँखाको ज्योति झन् हराउने छ ।"

बिहानको न्यानो घामले सन्तुलाई निद्राबाट बिउँझायो । सधैँ झैँ ऊ कुकुरलाई लिएर पैसा माग्न हिँड्यो । बाटामा एउटा बुढो माग्ने कराइरहेको थियो, "एक रुपियाँ दिनुहोस् न, हजुर । एक रुपियाँ दिनुहोस् न ।"

सन्तुले भन्यो, “म पनि तिमी जस्तै माग्ने हुँ । म के पैसा दिऊँ ? त्यसमाथि म आँखा पनि देख्दिनँ ।”



बुढो माग्नेले भन्यो, “तिमीभन्दा म दु:खी छु, बाबु । तिमी हिँड्न सक्छौ तर म आँखा पनि देख्दिनँ र हिँड्न पनि सक्दिनँ ।”

उसले आफूसँग भएको पैसा माग्ने लाई दियो । त्यति नै खेर उसका आँखामा ज्योति आयो । सन्तुले त्यस दिन केही बढी खानेकुरा पायो । ऊ फेरि पाटीमा सुत्न गयो ।



पाटीमा उसले एउटी बुढी महिलाले “भोक लाग्यो, भोक लाग्यो” भनी कराइरहेको सुन्यो । बुढी बिरामी र धेरै दिनकी भोकी थिइन् । उसले ती बुढीलाई आफूले खान लागेको खानेकुरा दियो । उसले झन् देख्न सक्ने भयो । उसले बाहिर टहटह जुन लागेको अनुभव गऱ्यो । त्यो रात सन्तु भोकै सुत्यो ।

एक दिन उसको कुकुरले एउटा कुखुरो च्यापेर ल्यायो । त्यो बेचेर उसले केही पैसा कमायो । त्यो पैसा हातमा पर्ने बित्तिकै उसका आँखामा पर्दा जस्तो जालो लाग्यो । “अहो ! मैले गल्ती गरेँ । अरूको माल मैले बेच्न नहुने थियो । म उसको पैसा दिन्छु ।” उसले विचार गऱ्यो ।

सन्तुले कुखुराको मालिकलाई खोज्दै गएर भन्यो, “मेरो कुकुरले तपाईंको कुखुरा ल्याएछ । माफ गर्नुहोस्, यो पैसा लिनुहोस् ।”

कुखुराको मालिकलाई पैसा दिनेबित्तिकै उसका आँखामा क्रमश: उज्यालो आयो ।



ऊ प्रस्टसँग देख्न सक्ने भयो ।

यसरी नै सन्तुका दिन बित्न थाले । एक दिन कुकुरसँग ऊ नदीको किनारामा पुग्यो । नदीमा बाढी आइरहेको थियो । त्यत्तिकैमा कसैले "गुहार ! गुहार !!" भनेको परिचित आवाज उसका कानमा पर्‍यो । ऊ अतालियो ।



"साथीका नाउँमा यही एउटा कुकुर छ ।" सन्तु यस्तै कुरा सोच्दै थियो । फेरि "गुहार ! गुहार !!" भनेर चिच्याएको आवाज आयो । आखिरमा उसले त्यस मानिसलाई बचाउन आफ्नो कुकुरलाई अऱ्हायो ।

केही बेरपछि स्याँ-स्याँ गर्दै एउटा मान्छे सन्तुको नजिक आयो र उसलाई धन्यवाद दियो ।

"मेरो कुकुर खै त ?" सन्तुले आत्तिदै सोध्यो ।



"मैले तिम्रो कुकुरलाई बग्न नदिन धेरै कोसिस गरेँ तर सकिनँ ... ।" त्यस मानिसले भन्यो । सन्तु धेरै दुःखी भयो । ऊ रुन थाल्यो, "हरे, म अब कसरी बाँच्नु ? यस संसार मा अब मेरो भन्ने कोही छैन ।"

त्यस मान्छेलाई सन्तुको स्वर चिने जस्तो लाग्यो । उसले सन्तुका आँखा हेर्दै उसका बारेमा राम्ररी सोधपुछ गऱ्यो ।

सन्तु अरू कोही नभएर उसको आफ्नै छोरो रहेछ ।

सन्तुलाई छातीमा टाँस्दै उसले भन्यो, "किन घर छोडेर हिँडेको, सन्तु ? बाबुले त्यति भन्दैमा तिमीले चित्त दुखाएर घर छोड्नुपर्थ्यो त ? हामीबाहेक हाम्रो को छ र ? कति दिन मागेर खान्छौ, हिँड घर जाऔँ । तिम्रो आँखाको ज्योति पनि ठिक भएछ । म अब कहिल्यै तिम्रो चित्त दुखाउने छैन ।"

सन्तुले पनि बाबुलाई चिन्यो र भन्यो, "हुन्छ, जाऔँ । मेरो आँखाको ज्योति पनि ठिक भयो । म पनि अब त काम गर्न सक्छु । हजुरको चित्त दुखाउने काम अब म कहिल्यै गर्दिनँ तर पहिले कुकुर खोज्न जाऊँ, अनि मात्र ..................।"

दुवै बाबुछोरा कुकुर खोज्नतिर लागे । कुकुर अलि पर एउटा बुटामा अल्झेको रहेछ । ऊ डरले काँपिरहेको थियो । उनीहरूले त्यसलाई नदी बाहिर निकाले । उनीहरू दुवैले कुकुरलाई अँगालो हालेर माया गरे । ऊ निर्धक्क भएपछि उनीहरू हाँसखुस गर्दै घरमा गए । उनीहरूले कामको सम्मान गर्नुपर्छ भन्ने कुरा अरूलाई पनि सिकाए । अब उनीहरू आनन्दसँग बस्न थाले ।



## अभ्यास

१. **सुन र भन :**

लालटिन, उपद्रो, चित्र, टाढा, दृष्टिहीन, निर्दयी, कहिल्यै

२. **'आँखाको ज्योति' कथा पालैपालो पढेर सुनाऊ ।**

३. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| उपद्रो | भाग्य |
| कर्म | भेला हुनु |
| भौँतारिनु | बिनाकाम यताउति हिँडिरहनु |
| चौपट्टै | नचाहिने काम, चकचक |
| झुम्मिनु | असाध्यै |

४. **उत्तर भन :**

(क) सन्तुको घरमा को को थिए ?

(ख) सन्तुका बाबुले उसलाई के भने ?

(ग) सन्तु घरबाट किन निस्क्यो ?

(घ) सन्तुको वरिपरि मान्छे किन झुम्मिएका होलान् ?

(ङ) परीले सन्तुलाई सपनामा के भनिन् ?

५. **सच्चाएर कापीमा सार :**

चउपट्टइ, छुट्याऊन, हिरदय, फरकीयो, बीरसन

६ **पढ र लेख :**

सन्तु त्यस मान्छेपट्टि फर्कियो । त्यस मान्छेले उसको अनुहार राम्रैसँग देख्यो । त्यो मान्छे अरू कोही नभएर उसकै छोरो रहेछ ।

## ७ तालिकाबाट वाक्य बनाऊ :

| | | | | |
|---|---|---|---|---|
| तँ | सधैँ<br>हरेक दिन<br>दिनदिनै | उपद्रो<br>यस्तै | नचाहिने काम<br>चकचक | गर्छस् । |

## ८ वाक्यमा प्रयोग गर :

ठाउँ, टहटह, भौँतारिनु, स्वार्थी, निर्दयी

## ९ तलका शब्दको अर्थ लेख :

पहरा दिनु, विभिन्न, ज्योति, दया, कोसिस

## १०. कसले कसलाई भनेको हो, लेख :

(क) तिमी आफैँ देख्न सक्छौ ।

(ख) तिमी मलाई देख्न सक्छौ ।

(ग) हरे ! म अब कसरी बाँच्नु ?

(घ) भोक लाग्यो, भोक लाग्यो ।

## ११. उत्तर लेख :

(क) सन्तु दिनभरि के गर्थ्यो ?

(ख) कुकुरले उसलाई कसरी मदत गर्‍यो ?

(ग) सन्तुले बाटामा कसलाई भेट्यो ?

(घ) सन्तुले कुकुरलाई किन नदीमा पठायो ?

(ङ) सन्तु र उसका बाबुको भेट कहाँ भयो ?

(च) सन्तु कसरी देख्न सक्ने भयो ?

(छ) सन्तुको कुकुर कस्तो अवस्थामा फेला पर्‍यो ?

१२. सन्तुले गरेका राम्रा र नराम्रा कामहरू के के हुन्, तालिका बनाई देखाऊ :

| नराम्रा काम | राम्रा काम |
|---|---|
| | |

१३. तलको वाक्य पढ र आफूले बुझेका कुरा लेख :

तिमीले अरूलाई मदत गरेका वेला तिम्रो आँखामा ज्योति आउने छ तर स्वार्थी भयौ भने आँखाको ज्योति हराउने छ ।

१४. 'आँखाको ज्योति' कथामा के पछि के भयो क्रमैसँग बुँदाका रूपमा लेख :

(क) सन्तुले लालटिनको सिसा फुटायो ।

(ख)

(ग)

१५. तिमीले जानेको कथा लेखी कक्षामा सुनाऊ ।

१६. तलका उखान टुक्का पढ र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

(क) कागभन्दा कोइली चङ्ख

(ख) मेरो गोरुको बाह्रै टक्का

(ग) सेवा गरे मेवा मिल्छ

(घ) बाँदरको पुच्छर लौरो न हतियार

१७. खाली ठाउँमा मिल्दा शब्द थपी वाक्य पूरा गर :

उदाहरण मैले पैसा दिने ..................

मैले पैसा दिने रे ?

| निन | एत | अहो ! हरे शिव ! |
|---|---|---|

(क) उसलाई .......... सबैको माया लाग्छ ।

(ख) म जान्छु । तिमी ..........?

(ग) ..........उनी त पास भइछन् ।

(घ) बस .......... । कति उभिन सकेको ?

(ङ) .......... के सुन्नुपर्‍यो ?

(च) किताब ल्याइदियौ ? .......... भुसुक्कै बिर्सेंछु ।

१८. **तालिकामा लेख :**

तिम्रो गाउँ सहरमा भएका आँखा नदेख्ने, हिँड्न नसक्ने जस्ता व्यक्तिहरूले आफ्नो गाउँ/सहरको विकासका निम्ति कसरी सहयोग गरेका छन् र उनीहरूलाई हामी कसरी सहयोग गर्न सक्छौँ ?

| गाउँ/सहरको विकासका लागि गरेको सहयोग | हामीले उनीहरूलाई गर्न सक्ने सहयोग |
|---|---|
| | |

१९. **तलका वाक्यको खास (घुमाउरो) अर्थ खोजेर लेख :**

| वाक्य | खास अर्थ |
|---|---|
| (क) घाम डुबे । | घाम अस्ताए । |
| (ख) उसलाई बात लाग्यो । | .................... |
| (ग) उसले नाक काट्यो । | ................... |
| (घ) उसले डाँडा काटी । | ................... |
| (ङ) उसलाई दिन लागे । | ................... |

# ६ समय

कक्षामा शिक्षकले विद्यार्थीहरूलाई सोध्नुभयो, "संसारको सबैभन्दा मूल्यवान् वस्तु के हो ?"

विद्यार्थीहरू तँछाडमछाड गर्दै उत्तर दिन तम्सिए । शिक्षकले फेरि भन्नुभयो, "आआफ्नो कापीमा यसको उत्तर लेखेर मलाई देखाऊ ।"

सोनाम, राधिका, छिरिङ, बेखा, लक्ष्मी सबैले कापीमा एक एक शब्दको उत्तर लेखे र शिक्षकलाई दिए । शिक्षकले पनि एक एक गरी पढेर सुनाउनुभयो - हिरा, सुन, आकाश, पृथ्वी, खानेकुरा, अमृत ।

अन्तिम कापी शिक्षकको हातमा पऱ्यो । त्यो कापी श्यामको थियो । त्यसमा लेखिएको थियो - समय ।

शिक्षकले त्यस उत्तरमा ठिक चिनो लगाउनुभयो । शिक्षक त्यो उत्तर लेख्ने विद्यार्थीसँग धेरै खुसी हुनुभयो । उहाँले त्यो उत्तर कक्षाका सबैलाई देखाउनुभयो । यस सम्बन्धमा विद्यार्थीहरूको छलफल भयो । आखिर सबै एउटै टुङ्गोमा पुगे - समय ।

साँच्चै समय संसारको सबैभन्दा मूल्यवान् वस्तु हो त ? तिमी पनि एकै छिन विचार गर र हो, होइन पत्ता लगाऊ ।

समयलाई कसैले देख्न सक्दैन तैपनि सबैले यसको अनुभव गर्छन् । समयको न आदि हुन्छ न अन्त । त्यसैले यसलाई अनादि र अनन्त भन्छन् । समय अनादि कालदेखि चलिरहेछ र अनन्तसम्म चलिरहने छ । समय आफ्नै गतिमा चलिरहन्छ । यसले कसैलाई पर्खँदैन । यो कसैको लोभमा पर्दैन । यो कसैको डर, त्रास र धम्की मान्दैन । कसैले विनम्र अनुरोध गरे तापनि समयले एकछिन रोकिन जानेको हुँदैन । त्यसैले समयको महिमा ठुलो छ ।



समय अनन्त हुन्छ । यसका बारेमा जानकारी हासिल गरेर सकिँदैन । समयलाई हामी सेकेन्ड, मिनेट, दिन, हप्ता, महिना र वर्षमा गणना गर्छौं । समय नजानिँदो किसिमले हाम्रो हातबाट फुत्कन्छ । हामीलाई पत्तो हुँदैन । हामी समयकै एउटा भाग हौँ । समय जीवनको सार हो । हामी जन्मँदा सानो हुन्छौँ र बिस्तारै बुढेसकालमा पुग्छौँ ।

बितेको समय फिर्ता आउँदैन । जुन समय बित्यो त्यो भूत हो त्यो बितिसक्यो, हाम्रो हातमा हुँदैन । त्यसका बारेमा सोचेर कुनै फाइदा हुँदैन । जुन समय आउँदै छ, त्यो पनि अनिश्चित हुन्छ । भूत र भविष्य दुवै हाम्रा अधीनमा हुँदैनन् । त्यसैले हाम्रा लागि सबैभन्दा महत्त्वपूर्ण समय भनेको वर्तमान हो । जसलाई हामी वर्तमान भन्छौँ त्यो अहिलेको समय हो । वर्तमानलाई सदुपयोग गर्न सके हाम्रो जीवन सुन्दर बन्छ ।

समय आफू सधैँ एकनासको हुन्छ, कहिल्यै बदलिँदैन । तर यसले अरूमा परिवर्तन ल्याउँछ । मौसममा परिवर्तन ल्याउँछ । जाडो र गर्मी हुन्छ । प्रकृतिमा परिवर्तन आउँछ । हरियाली र उजाड हुन्छ । त्यसैअनुसार ऋतुमा परिवर्तन आउँछ । शरीरमा पनि परिवर्तन आउँछ । बालक बुढो हुन्छ ।

हिजो थियो, आज छ र भोलि हुने छ । हिजो, आज र भोलि समयकै रूप हुन् । समय न छिटो चल्छ, न ढिलो । यो त एउटै गतिमा चल्छ । हाम्रो अवस्थाअनुसार हामीलाई भने समय छिटो या ढिलो जस्तो लाग्छ ।

## सुनौँ केही व्यक्तिहरूका भनाइ -




हरे ! मेरो दिन त कति चाँडै गइसकेछन् । म त डुब्ने वेलाको घाम पो भइसकेछु । समय कति चाँडै बितिसकेछ । जिन्दगी कति छोटो ।
हे भगवान् ! यो दिन पनि कति लामो । यो घाउ पनि कति चस्केको । घडीको सुई पनि सर्दै नसरेको जस्तो । यो जिन्दगी कति लामो ।
जिन्दगी कति रमाइलो छ । सधैँ नाचिरहुँ जस्तो, हाँसिरहुँ जस्तो । जिन्दगी भने कति छोटो । समय कति चाँडै बित्छ ।




समय हाम्रो ठुलो शिक्षक हो । यसले हामीलाई प्रगतिका कुरा सिकाउँछ । समयको सदुपयोगका लागि हामीले मन, विचार, कर्म र वाणी सधैँ पवित्र राख्नुपर्छ । यसबाट हामीलाई आफ्नो कर्तव्य पथमा अघि बढ्न मदत मिल्छ । समयलाई जस्तै कसैले हामीलाई रोक्न नसकोस्, छेक्न नसकोस् भन्ने भावना हामीमा हुनुपर्छ । समयले सबैलाई समान व्यवहार गरे जस्तै हामीले पनि समान बन्न सिक्नुपर्छ । यसो भएमा हामी आफ्नो उद्देश्य प्राप्तिमा सफल हुन सक्छौँ ।

## अभ्यास

१ **सुन र भन :**

तँछाडमछाड, अनन्त, धम्की, ऋतु, महान्, जिन्दगी, कर्तव्य पथ

२ **अनुच्छेद सात, आठ र नौ पालैपालो पढेर कक्षामा सुनाऊ ।**

३. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| मूल्यवान् | कुनै काम गर्नका लागि अघि सर्नु |
| तँछाडमछाड गर्नु | उहिलेदेखि चलिआएको |
| अमृत | मोल गर्न नसकिने |
| टुङ्गो | अन्त्य नभएको |
| अनादि | अमर बन्न देवताले खाने तरल पदार्थ |
| अनन्त | बोली |
| विनम्र | फुङ्ङ उडेको |
| सार | नम्र |
| उजाड | निर्णय |
| वाणी | मुख्य कुरा |

४. **तलका प्रश्नहरूको उत्तर भन :**

(क) सबैभन्दा मूल्यवान् वस्तु के हो ?

(ख) समयलाई किन अनादि र अनन्त भनिएको हो ?

(ग) सबैभन्दा महत्त्वपूर्ण समय कुन हो ?

(घ) समयलाई किन रोक्न सकिँदैन ?

(ङ) के गर्नाले जीवन सुन्दर बन्छ ?

## ५. तलका प्रश्नका बारेमा साथीहरूसँग छलफल गर :

(क) बस बिसौनीको मानिसलाई समयको गति किन ढिलो लाग्यो ?

(ख) बुढा मानिसले जिन्दगीप्रति किन खिन्नता व्यक्त गरेका हुन् ?

(ग) बिरामी मानिसलाई दिन लामो लाग्नाको कारण के हुन सक्छ ?

(घ) युवकलाई समय किन छोटो लागेको होला ?

(ङ) साधु समयका बारेमा आफ्नो विचारलाई कसरी प्रकट गर्छन् ?

## ६. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

समय, सार, बालक काल, अधीन, सदुपयोग, अमृत

## ७. उत्तर लेख :

(क) किन समयको महिमा ठुलो छ ?

(ख) समयका मुख्य मुख्य विशेषता के के हुन् ?

(ग) समयले गर्दा कस्तो परिवर्तन आउँछ ?

(घ) समयलाई कसरी चिनाइन्छ ?

(ङ) 'समय हाम्रो ठुलो शिक्षक हो' कसरी ?

## ८. उस्तै अर्थ आउने शब्दको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| (क) संसार | डर |
| (ख) वस्तु | जगत् |
| (ग) भय | चिज |
| (घ) पत्तो | गुरु |
| (ङ) समय | जानकारी |
| (च) शिक्षक | वेला |

९. उदाहरण हेरी तलका शब्दहरूको उल्टो अर्थ आउने शब्दहरू लेख :

उदाहरण प्रश्न – उत्तर

(क) सुखी

(ख) ठुलो

(ग) सुरु

(घ) ठिक

(ङ) गर्मी

(च) छिटो

१०. तलका खाली ठाउँमा मिल्दो शब्द भर :

माया, पासाङ, हिमाल, काका, मधेस, पहाड, धान

मेरो नाम ........... हो । म ........... मा बस्छु । नेपालमा .............पनि छ । मधेसबाट हामी ............ ल्याउँछौँ । मेरा एक जना ........... हुनुहुन्छ । उहाँ .......... मा बस्नुहुन्छ । मधेस, पहाड र हिमाल मिलेर नेपाल बनेको छ । म नेपाललाई ........... गर्छु ।

११. तलको तालिकामा उदाहरणमा जस्तै मिल्ने शब्द भर :

| | | |
|---|---|---|
| गयो | जान्छ | जाने छ |
| खायो | ........... | ........... |
| सुत्यो | ........... | ........... |
| पढ्यो | ........... | ........... |
| रोयो | ........... | ........... |
| बोल्यो | ........... | ........... |
| बस्यो | ........... | ........... |

१२. **खाली ठाउँमा उपयुक्त शब्द भर :**

(क) रमा र किरण विद्यालय जाँदै थिए .................................. विद्यालय त बन्द रहेछ । (र / तर /अनि)

(ख) बुबा दिदीलाई डाक्टर ............................. मलाई म्यानेजर बनाउन चाहनुहुन्छ । (र/ वा/ कि )

(ग) पानी .........................................................................पऱ्यो घाम पनि लाग्यो । (पनि/अनि/कि)

(घ) सिद्धिकी अस्पताल गयो ................................................ बुबा बिरामी हुनुहुन्थ्यो । (अनि/किनभने/नत्र)

(ङ) स्याल आयो ................................................. पाठो लग्यो । (अनि/किनभने/पनि)

१३ **मानिसलाई पानी किन चाहिन्छ भन्ने विषयमा एउटा अनुच्छेद लेख ।**

१४. **शिक्षकले भनेको सुनेर त्यसै गर :**

कक्षाकोठाबाट निस्केर पूर्वतिर जाऊ । धारानेर पुगेपछि दक्षिणतिर लाग । सय फिट हिँडेपछि बगैँचामा पुगिन्छ । त्यहाँ गएर फूल टिपेर ल्याऊ ।

शिक्षक साथी ! यस्तै प्रकारका कुनै निर्देशन दिएर निर्देशनअनुसार काम गर्न लगाउनुहोस् ।

# ७ बाल दिवस

(भदौ २९ गते बाल दिवस पर्छ । गत वर्ष जस्तै यस वर्ष पनि बाल दिवस कसरी मनाउने भन्नेबारेमा कक्षा ५ का विद्यार्थीहरू छलफल गर्दै छन् ।)

सुस्मिता : ए, दोर्जे ! ल भन त यसपालिको बाल दिवस कसरी मनाउने ?

दोर्जे : बाल दिवस कसरी मनाउने भन्ने कुरा त शिक्षकहरूले पो विचार गर्नुपर्छ त ।

वीरबहादुर : हो, हाम्रो काम त लेखपढ गर्ने पो हो । यो कुरा त उहाँहरूले नै गर्नुहुन्छ ।

अनुपमा : होइन, बाल दिवस भनेको बालबालिकाहरूको दिवस हो । यो निर्णय त हामीले नै गर्नुपर्छ ।



**सुस्मिता** : हो, अनुपमाले ठिक भनी, गएको वर्ष पनि बाल दिवस कसरी मनाउने भन्ने निधो हामीले गरेका थियौँ । यस वर्ष पनि हामीले नै निर्णय गरौँ न ।

**दोर्जे** : हुन्छ नि त । कसरी मनाउने भन्ने बारेमा छलफल गरौँ न ।

**अनुपमा** : हो, ठिक कुरा गऱ्यौ । बाल दिवस मात्र हैन, अरू दिवस पनि हामीले आपसमा छलफल गरेर मनाउनुपर्छ । मैले हिजो घरमा रेडियो सुनेकी थिएँ । अरू विद्यालयहरूले पनि विभिन्न कार्यक्रम गरी बाल दिवस मनाउँदा रहेछन् । रेडियोमा त बाल दिवसमा बाल अधिकारका बारेमा भएको छलफल समेत प्रसारण भएको थियो ।

**वीरबहादुर** : रेडियोमा अरू के के कुरा सुन्यौ त ?

**अनुपमा** : रेडियोले धेरै कुरा भनेको थियो । बाल बालिकाहरूको चौतर्फी विकासका लागि पढाइका साथै विभिन्न अरू क्रियाकलाप पनि आवश्यक हुन्छन् । खेलकुद, सरसफाइ, फूलबारी, सङ्गीत कार्यक्रम तथा कविता, निबन्ध आदि लेखन प्रतियोगिता जस्ता विविध क्रियाकलापमा पनि विद्यार्थीले भाग लिनुपर्ने कुरा रेडियोमा आएको थियो । बाल दिवस सम्बन्धी यस किसिमका कुरा त मैले पनि सुने की थिएँ ।

**सुस्मिता** : अहो ! रेडियोबाट धेरै कुरा पो जान्न सकिने रहेछ । अरू के के कुरा सुन्यौ त अनुपमा, तिमीले सुनेका कुरा पनि बताऊ न ?

**अनुपमा** : बाल दिवसलाई एउटा सामान्य दिवसका रूपमा मात्र हेर्नु हुँदैन बाल अधिकारलाई साँच्ची नै व्यवहारमा ल्याउन सक्नु बाल दिवस मनाउनुको सही अर्थ हुन्छ । विशेष गरेर बाल अधिकारका कुरामा रेडियोले बढी जोड दिएको थियो ।

**दोर्जे** : हो त । वास्तवमा हामीलाई घरमा, स्कुलमा, सबै ठाउँमा मायालु

व्यवहार गरिनुपर्छ । पिट्ने, हप्काउने, गाली गर्ने जस्ता काम कसै बाट पनि हुनु हुँदैन नि ।

अनुपमा : रेडियोले पनि त्यस्तै कुरा गरेको थियो । सुरक्षित रहन पाउनु, आवश्यकताअनुसार स्वस्थ र पोसिलो खानेकुरा पाउनु, वेला वेलामा खोप सुई लाउन पाउनु, बिरामी हुँदा उपचार पाउनु बाल अधिकार रहेछन् । गाली गर्ने, पिट्ने, हप्काउने जस्ता काम बाल अधिकार विपरीतका कुरा रहेछन् । त्यस्तै खेलकुद, मनोरञ्जनका विभिन्न क्रियाकलापमा भाग लिन पाउनु बाल अधिकार रहेछ ।

सुस्मिता : गरिब, अशक्त, अपाङ्ग सबै खालका केटाकेटीले उत्तिकै माया ममता र अवसर पाउनु पनि त बाल अधिकार होला, हैन त ?

अनुपमा : हो रेडियोले पनि त्यही कुरा गरेको थियो । छोरा र छोरी भनेर भेदभाव गर्नु बाल अधिकार हननको कुरा रहेछ । उचित संरक्षण, शिक्षा, स्वास्थ्य आदि हाम्रा अधिकारका कुरा रहेछन् ।

सुस्मिता : बाल अधिकारमा धेरै कुरा पर्दा रहेछन् । हाम्रो पल्लो घरमा त छोरालाई स्कुल पठाउने र छोरीलाई काममा पठाउने गर्छन् । त्यो पनि त बाल अधिकारको हनन भएन र ?

वीरबहादुर : हो, त्यो त ठाडै बाल अधिकारको हनन भयो । तिम्रो पल्लो घरकी बहिनीलाई पनि स्कुल ल्याउनु पर्‍यो । उनका बाआमालाई सम्झाउन हाम्रा शिक्षकहरूलाई पनि पठाउनुपर्‍यो ।

अनुपमा : हो त, हामीले बाल अधिकारका बारेमा त धेरै कुरा गर्‍यौँ । घन्टी लाग्ने वेला भयो । त्यसैले हामी बाल दिवस कसरी मनाउने भन्नेबारेमा नै निधोमा पुगौँ ।

दोर्जे : तिमीहरूले राम्रा राम्रा कुरा गर्‍यौ । बाल दिवस दुई ओटा कार्यक्रम गरी मनाउने मेरो विचार अगाडि सार्छु ।

सुस्मिता : हुन्छ, भन न त ।

दोर्जे : यस वर्षको बाल दिवसमा बाल अधिकारका बारेमा छलफल कार्यक्रम र निबन्ध प्रतियोगिता आयोजना गर्ने निर्णय गरौँ न ।

अनुपमा : हुन्छ । यी कुरा शिक्षकलाई पनि सुनाऔँ र हामीलाई सहयोग गर्न अनुरोध पनि गरौँ । आजको निर्णय यही भयो । सबै साथीहरूलाई पनि हाम्रो निर्णय सुनाऔँ ।

(घन्टी बज्छ, सबै कक्षामा जान्छन् ।)

## अभ्यास

१. शिक्षकले भनेको सुन र भन :

| | | | | |
|---|---|---|---|---|
| बाल दिवस | विद्यालय | चौतर्फी | क्रियाकलाप | कार्यक्रम |
| सांस्कृतिक | सुरक्षित | अपाङ्ग | निर्णय | पोसिलो |

२. माथिको पाठ सुस्मिता, दोर्जे, वीरबहादुर र अनुपमा बनी पालैपालो पढेर सुनाऊ ।

३. सच्याएर कापीमा सार :

फूलवारी, निबन्ढ, विवीध, वीपरित्

४. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| बाल दिवस | शरीरका कुनै अङ्ग नभएको |
| बाल अधिकार | कमजोर |
| चौतर्फी | बालबालिकाको हक |
| सङ्गीत | बालबालिकासँग सम्बन्धित पर्व |

| | |
|---|---|
| सांस्कृतिक | चारैतर्फको |
| पोसिलो | गानबजान |
| अशक्त | तागतिलो |
| अपाङ्ग | संस्कृतिमा आधारित |
| निर्णय | निधो |

## ५. उत्तर भन :

(क) बाल दिवस कहिले पर्दछ ?

(ख) बाल दिवस भनेको के हो ?

(ग) बालबालिकाको चौतर्फी विकासका लागि के के कुरा आवश्यक हुन्छन् ।

(घ) बाल अधिकारभित्र के कस्ता कुरा पर्छन् ?

(ङ) तिम्रो घर परिवारमा बाल अधिकारको अवस्था कस्तो छ ?

## ६. पढ र लेख :

संरक्षण, शिक्षा, स्वास्थ्य, बाल अधिकार, भेदभाव,

व्यवहार,क्रियाकलाप, विद्यालय, सुस्मिता, कार्यक्रम, आयोजना

## ७. कोष्ठबाट मिल्ने शब्द छानी वाक्य पूरा गर :

(क) हामी आउँदो भदौ २९ गते बाल दिवस मनाउन .................... ।

(जान्छौँ, गएका छौँ, गइरहेका छौँ)

(ख) गएको वर्ष पनि हामीले भदौ २९ गते बाल दिवस धूमधामसँग....... ।

(मनाएका छौँ, मनाउँछौँ, मनाएका थियौँ)

(ग) अर्को वर्ष पनि हामी बाल दिवस मनाउने .............................।

(छु, छौ, छौँ)

(घ) बाल दिवस मनाउन शिक्षकहरूले सहयोग ............... ।

(गऱ्यौँ, गर्नुभयो, गर्लान्)

८. तलका शब्दको उस्तै अर्थ लाग्ने शब्द लेख :

दिवस, विकास, क्रियाकलाप, ममता, प्रतियोगिता

९. तलको तालिकाबाट वाक्य बनाऊ :

| | | | | |
|---|---|---|---|---|
| बालबालिकाले | सुरक्षित हुन | पाउनु | बाल अधिकार | हो । |
| | पोसिलो खाना | नपाउनु | | |
| | लेखपढ गर्न | | | हनन हो । |
| | स्वस्थ रहन | | | |

१०. तलका प्रश्नको उत्तर लेख :

(क) बालबालिकाहरूको चौतर्फी विकासका लागि कस्ता क्रियाकलाप आवश्यक पर्छन् ?

(ख) बाल अधिकारमा केकस्ता अधिकार पर्छन् ?

(ग) बाल अधिकार भनेको के हो ?

(घ) बाल दिवस कसरी मनाउनुपर्छ ?

(ङ) बाल अधिकार हननभित्र केकस्ता कुरा पर्छन् ?

११. तिम्रो विद्यालयमा बाल दिवस कसरी मनाइन्छ ? शिक्षकहरूको सहयोग लिएर बाल दिवस कसरी मनाउने भन्ने सम्बन्धमा छलफल गरी निष्कर्ष निकाल ।

१२. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

रेडियो, बाल अधिकार, हनन, विपरीत, संरक्षण, पोसिलो

१३. मिल्दा शब्द छानी वाक्य पूरा गर :

सँग, मा, सम्म, निम्ति, लाई, लागि, तिर

(क) कक्षा ५ का विद्यार्थीहरू आज गाविस कार्यालय..... जाँदै छन् ।

(ख) उनीहरू आफूहरूलाई चाहिने खेलकुदका सामग्रीको व्यवस्था गरिदिन अनुरोध गर्नका ................ गाविस गएका हुन् ।

(ग) गाविसका अध्यक्ष ................भेटेर उनीहरूले आफ्ना कुरा राखे ।

(घ) अध्यक्षले पनि सके ........ धेरै खेलकुदका सामग्री किनिदिने वचन दिए ।

(ङ) विद्यार्थीले त्यस्तो आश्वासनका .............. गाविस अध्यक्षलाई कृतज्ञता ज्ञापन गरे ।

(च) अन्त्यमा विद्यार्थीहरू गाविस अध्यक्षलाई नमस्कार गरेर विद्यालय ....................... फर्के ।

१४. **तलका वाक्यहरू सच्याएर लेख :**

आज घरमा ढेरै मानिसहरू आएको छ । घरमा भिनाजु पनि आयो र भिनाजुसँग कुकुर पनि आउनुभयो । कुकुर भने निकै थुलो रहेछ । मलाई ट डर पो लायो । म ट भिट्र पसैँ । आमाले कास्तरी डराको भान्नुभयो । म लुक्न घ्याम्पोभित्र पसैँ । घ्याम्पोभिट्र पसेपछि म त डराइन टर ध्याम्पो भने ठुरठुर कामिरहेको ठियो ।

१५. **तलका शब्द प्रयोग गरेर सम्झनाका आधारमा गत वर्ष मनाइएको बाल दिवसको बारेमा लेख :**

निबन्ध, भाषण, शिक्षक, सभाध्यक्ष, निर्णायक मण्डल, नारा, खेलकुद, पुरस्कार, परिक्रमा, प्रमुख अतिथि, प्रथम, बाल बालिका

८

# अनौठा प्रश्न



धेरै वर्ष अगाडि भारतमा मुगल वंशका अकबर भन्ने बादसाह राज्य गर्थे । उनको राज्य मुगल साम्राज्यको नामले प्रसिद्ध थियो । अकबरको दरबारमा नौ जना विशिष्ट व्यक्तिहरू रहन्थे र उसलाई नवरत्न भनिन्थ्यो । तीमध्ये एक जनाको नाम वीर बल थियो ।

वीरबल अकबरका प्रधानमन्त्री थिए । उनको बुद्धिको प्रशंसा मुगल साम्राज्यमा मात्र होइन इरान र अन्य छिमेकी देशहरूमा समेत फैलिएको थियो । त्यति वेला इरानलाई फारस भनिन्थ्यो र फारसी बादसाहसँग अकबरको राम्रो सम्बन्ध थियो ।

एकचोटि वीरबललाई इरान भ्रमणको निम्तो आयो । अकबरको अनुमति लिएर उनी इरान पुगे । फारसी बादसाहले आफ्नो दरबारमा उनको भव्य स्वागत गरे ।

केही दिन इरानमा सुखपूर्वक बसेपछि वीरबललाई आफ्नो देशमा फर्कन मन लाग्यो । उनले त्यो कुरा फारसी बादसाहलाई सुनाए । बादसाहले वीरबल जानुभन्दा अगाडि उनको परीक्षा लिने विचार गरे र उनलाई आफ्नो विशाल सभामा लिएर गए ।

सभामा वीरबलको स्वागत गर्दै फारसी बादसाहले भने, "वीरबल तपाईंको बुद्धिको प्रशंसा हामीले धेरै पहिलेदेखि नै सुनेका हौँ । तपाईँ जस्तो प्रधानमन्त्री पाउने बादसाह अकबर साँच्चै भाग्यमानी हुन् । केही प्रश्नले मलाई धेरै दिनदेखि सताइरहेछ । तपाईंले ती प्रश्नको उत्तर दिएर मेरो हृदयलाई शीतल पारिदिनुभयो भने तपाईँ मुगल साम्राज्यमा मात्र होइन फारसी साम्राज्यमा पनि त्यत्तिकै सम्मानित हुनुहुने छ ।"



वीरबलले हात जोड्दै भने, "हुकुम होस् । म हाजिर छु ।"

फारसी बादसाहले भने - मेरा प्रश्न हुन् :

ईश्वर छन् कि छैनन् ?

छन् भने कहाँ छन् र किन देखिँदैनन् ?

ईश्वरले के गर्न सक्छन् ?

वीरबलले भने, "ईश्वर छन् तर देखिँदैनन् । उदाहरणका लागि हामी प्रत्येक क्षण सास फेर्छौं । सास फेर्न हावा चाहिन्छ । हावा हाम्रो वरिपरि नै हुन्छ । तैपनि हामी हावालाई देख्न सक्दैनौँ । केवल अनुभव गर्छौं । त्यसै गरी सत्य, धर्म, शान्ति, प्रेम र अहिंसाका रूपमा ईश्वर हामीभित्र रहन्छन् । ईश्वर हाम्रो वरिपरि, चारैतिर छन् तर हामी देख्न सक्दैनौँ । केवल अनुभव गर्छौं ।"

वीरबलले एउटा ठुलो कचौरामा तातो दुध मगाए । दुधको कचौरा उनको अगाडि राखियो । दुधमा औँलो डुबाउँदै वीरबलले फारसी बादसाहतिर फर्किंदैं भने, "दुधमा

घिउ हुन्छ भन्ने सुनेको थिएँ, तर यो दुधमा त कतै घिउ देखिँदैन नि सरकार ।

फारसी बादसाहले जबाफ दिए, "वीरबल, तपाईँ त ज्यादै बुद्धिमान् हुनुहुन्छ भन्ने सुनेको थिएँ । सुन्नु र देख्नुमा फरक हुँदो रहेछ । दुधमा घिउ हुन्छ भन्ने कुरा त मूर्खलाई पनि थाहा हुन्छ ।"

वीरबलले भने, "तर यस दुधमा त कतै घिउ देखिँदैन, सरकार ।"

फारसी बादसाहले भने, "दुधमा घिउ मिलेर बसेको हुन्छ तर देखिँदैन । दुधबाट घिउ निकाल्नका लागि पहिले दुध तताएर दही बनाउनुपर्छ । दही बनेपछि दही मथ्नुपर्छ र त्यसबाट नौनी निस्कन्छ । त्यही नौनीबाट घिउ बन्छ ।"

वीरबलले भने, "हो जसरी सबै दुधमा घिउ हुन्छ तर झ्वाट्ट हेर्दा देखिँदैन । त्यसै गरी यस पृथ्वीमा ईश्वर व्याप्त छ । जसरी दुधबाट घिउ पाउनका लागि मिहिनेत गर्नुपर्छ, त्यसै गरी ईश्वर प्राप्त गर्नका लागि साधना गर्नुपर्छ ।"

वीरबलको तर्कबाट फारसी बादसाह सन्तुष्ट भए । उनले अगाडि भने, "वीरबल, अब मेरो अन्तिम प्रश्नको जवाफ दिनुहोस् । ईश्वरले के गर्न सक्छन् ?"

अग्लो राज सिंहासनमा श्रीपेच र राजसी पोसाकमा सजिएका फारसी बादसाहलाई सम्बोधन गर्दै वीरबलले भने, "त्यस प्रश्नको जवाफका लागि बादसाहले म बसेको ठाउँमा सवारी हुनुपर्छ ।"

बादसाह राज सिंहासनबाट ओर्लेर तल आए । वीरबलले बादसाहको श्रीपेच र राजसी पोसाक आफूले लगाउनुपर्ने कुरा बादसाहलाई बताए । उनले आफ्नो लुगा बादसाहलाई लाउन लगाए । सिँढी उक्लेर आफू बादसाहको राज सिंहासनमा बसे र बादसाहलाई आफ्नो ठाउँमा उभिन लगाए । त्यसपछि उनले भने, "हे बादसाह ! ईश्वरले के गर्न सक्छन् भन्ने प्रश्नको उत्तर त हजुर आफैँले पाइबक्सियो होला । ईश्वरले म जस्तो भिखारीलाई बादसाह र हजुर जस्तो बादसाहलाई म जस्तो भिखारी बनाउन सक्छन् । यति भन्दै वीरबल राज सिंहासनबाट ओर्लेर बादसाह उभिएका ठाउँमा आए । श्रीपेच र राजसी पोसाक बादसाहलाई फिर्ता दिँदै वीर बलले झुकेर भने, "धृष्टताका लागि क्षमा चाहन्छु, सरकार ।"

ईश्वरले के गर्न सक्छन् ? भन्ने प्रश्नको उत्तर दिन वीरबलले गरेको अभिनय देखेर सुरुमा सबै सभासद्ले अनौठो मानेका थिए । वीरबलको अभिनयको रहस्य थाहा पाएपछि सबै सभासद्हरू प्रसन्न भए । सभाको चारैतिरबाट "वाह ! वीरबल, वाह ! " भन्ने शब्दहरू घन्किन थाले । वीरबलको तीक्ष्ण बुद्धिबाट बादसाह मात्र हैन, सम्पूर्ण सभासद्हरू प्रसन्न भए ।

फारसी बादसाहले धेरै मूल्यवान् इनाम र उपहारसहित वीरबललाई बिदाइ गरे ।

## अभ्यास

१. **सुन र भन :**

साम्राज्य, प्रशंसा, भ्रमण, हृदय, प्रत्येक, क्षण, व्याप्त

२. **'अनौठा प्रश्न' कथा पालैपालो पढेर सुनाऊ ।**

३. **सच्याएर कापीमा सार :**

पर्सिद्ध, बूद्धि, परिक्षा, सितल, सन्तुस्ट सिँडि, तिक्ष्न

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| साम्राज्य | काटमार नगर्ने काम |
| हृदय | तपस्या, परिश्रम |
| अहिंसा | ठुलो राज्य |
| साधना | मन, मुटु |
| सन्तुष्ट | राजा सम्बन्धी |
| राज सिंहासन | ढुक्क |
| राजसी | विफल हुने साहस |
| धृष्टता | राजा बस्ने आसन |

५. **उत्तर भन :**

(क) अकबर कहाँका राजा थिए ?

(ख) वीरबल किन इरान गए ?

(ग) फारसी बादसाहले अकबरलाई किन भाग्यमानी भनेका हुन् ?

(घ) फारसी बादसाहले सोधेका तिन प्रश्न के के हुन् ?

(ङ) वीरबलले बादसाहलाई दिएको उत्तर तिमीलाई कस्तो लाग्यो, किन ?

६. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

विशिष्ट, प्रशंसा, शान्ति, कचौरा, मथ्नु, राजसी, क्षमा, इनाम, प्रसन्न

७. **उत्तर लेख :**

(क) फारसी बादसाहले वीरबललाई किन आफ्नो सभामा लगे ?

(ख) बादसाहले वीरबललाई सोधका तिन प्रश्न के के हुन् ?

(ग) ईश्वर छन् भन्ने पुष्टि गर्न वीरबलले के गरे ?

(घ) बादसाहको अन्तिम प्रश्नको जवाफ वीरबलले कसरी दिए ?

(ङ) यो कथा पढेर तिमीले के सिक्यौ ?

८. **तलका जोडी शब्दहरू पढ र फरक छुट्याऊ :**

| | | | |
|---|---|---|---|
| पत्याउनु<br>पट्याउनु | तोक्नु<br>टोक्नु | हात<br>हाट | प्यात्त<br>प्याट्ट |
| माग्नु<br>मान्नु | पछाडि<br>पछारी | धोका<br>ढोका | साथी<br>साठी |

९. **उदाहरणमा दिइए जस्तै गरी शब्दहरूको रूप परिवर्तन गर :**

उदाहरण भेट्टाइन्छ = भेट्टाइँदैन ।

पाइन्छ, खाइन्छ, गइन्छ, लेखाइन्छ

आइन्छ, पठाइन्छ, दिइन्छ, गरिन्छ

१०. तलका वाक्यमा के मिलेको छैन, पत्ता लगाऊ र शुद्ध पारेर लेख :

(क) बहिनी आयो ।

(ख) हामी आउँछु ।

(ग) म आउँछ ।

(घ) शिक्षक आयो ।

(ङ) रमा गीत गाउँछ ।

११. तलका वाक्यहरूमा मिल्दा चिह्न थप :

(क) वैशाख १ गते कुन पर्व पर्छ

(ख) ल अब हात तल झार । वीरबलले भने

(ग) मैले बाटामा नरेश लक्ष्मी मनु र प्रवीणलाई भेटेँ ।

(घ) स्याबास तिमीले राम्रो गर्‍यौँ ।

१२. शिक्षकको सहयोगमा तलका बुँदाका आधारमा कथा लेख र कक्षामा सुनाऊ :

गाउँमा दुई जना बाबुछोरा बस्नु .............. छोरो चन्चले र गफाडी हुनु .......... गर् भनेको काम नगर्नु ................ बाबुछोरा घुम्न निस्कनु .................. जङ्गलमा रात पर्नु ................ पोखरीको छेउमा बास बस्नु ......... राती पोखरी छेउमा हात्ती आउनु ........ हात्तीले पानी खानु ............. पानी खाँदा पोखरीको भ्यागुताले हात्तीलाई निल्नु ................ कसैले नपत्याउनु ............ सपना सत्य नहुनु ।

१३. कक्षामा छलफल गरी तलको उद्धरणलाई बढाएर लेख :

ईश्वरले म जस्तो भिखारीलाई बादसाह र हजुर जस्तो बादसाहलाई म जस्तो भिखारी बनाउन सक्छन् ।

# ६ हाम्रो यात्रा

दुई शिक्षक र कक्षा ५ का हामी २५ जना विद्यार्थी बिहान ७ बजे विद्यालयमा आइपुग्यौँ । हाम्रो उद्देश्य शैक्षिक भ्रमणका लागि निस्कने थियो । शिक्षकहरूको सल्लाहअनुसार हामीले घरैबाट केही खानेकुरा बोकेका थियौँ । हामी बसमा चढ्यौँ । बस आदर्श माध्यमिक विद्यालय, विराटनगरबाट निस्केर रङ्गशालाको छेउ हुँदै उत्तरतिर हुइँकियो ।

हामी इटहरी पुगेपछि बस पूर्वतिर मोडियो । इटहरी सानो तर रमाइलो सहर रहेछ । हामी बसबाट देखिने दृश्य हेर्दै र गफ गर्दै रमाइलो गर्न थाल्यौँ । केही साथी गीत गाउन लागे ।

बिहानको ९:३० भएको थियो । बस चारआली भन्ने ठाउँमा पुगेर रोकियो । हामी ओर्लियौँ र वरिपरिका दृश्य हेर्न लाग्यौँ । नजिकै होटल रहेछ । हामी सबैले त्यहीँ चियानास्ता खायौँ । यस ठाउँबाट उत्तरतिर लागेपछि मेची राजमार्ग हुँदै इलाम, पाँचथर र ताप्लेजुङ पुगिँदो रहेछ । हाम्रो बस त्यसतिर लाग्यो । बाटाका दुवैतिर खेत र खेतका डिलमा नरिवल, सुपारी र अन्य फलफूलका बोट देखिन्थे । उत्तरतिरका हरिया पहाडले भने हामीलाई बोलाइरहे जस्तो लाग्थ्यो ।

बस हँडिया बुधबारे हुँदै बर्ने चियाकमान भएर उकालो लाग्यो । लहरै मिलेका चियाका बोट हरियो कार्पेट ओच्छ्याइए जस्तै देखिन्थे ।

"यसभन्दा पनि राम्रो बगान छ इलाममा । हामी त्यहीँ पुग्छौँ" शिक्षक अनिताले हामीलाई झन् उत्साहित पार्नुभयो ।

बस ठुलो आवाज निकाल्दै पहाडको घुम्ती बाटोमा उकालियो । हामी सुनमाई, किटिनी, लसुने हुँदै कुटीडाँडा भन्ने ठाउँमा पुग्यौँ । यहाँ निकै चिसो हुँदो रहेछ । हामी तराईमा बसेका विद्यार्थीको जिउ नै काम्न थाल्यो । हामीले स्वेटर



र ज्याकेट थप्यौँ । यहाँ पाथीभरा देवीको मन्दिर रहेछ । सडकबाट सिँढी उक्लेर त्यहाँ पुग्न सकिने रहेछ । उत्तिस, कटुस जातका बिरुवा र अलैँची बारीका बिचबाट हामी स्वाँस्वाँ गर्दै सिँढी चढ्यौँ । मन्दिरमा घुइँचो थियो । शनिबार र मङ्गलबार यहाँ टाढा टाढाबाट तीर्थालु आउँदा रहेछन् । एकछिन घुमेपछि हामी हाँसपोखरी र हर्कटे हुँदै कन्याम चिया बगान पुग्यौँ ।



यहाँ पुग्नासाथ आनन्दको सीमा रहेन । प्रकृतिले नै मिलाएर थुम्काथुम्की बनाएको पहाडमा जताततै चियाका बोट देखिन्थे । मजदुरहरू चियाका मुना टिप्दै थिए । रमाइलो गर्ने समूह वनभोजमा मस्त थिए । दुई तिन ठाउँमा चलचित्र छायाङ्कन हुँदै थियो । नेपाली चलचित्रमा देखिने कतिपय दृश्य त यहाँ प्रत्यक्ष देख्न पाइँदो रहेछ ।



आकाश छर्लङ्ङ देखिएको थियो । यहाँबाट पूर्वतिर सूर्योदयको पहाड श्रीअन्तु देखिँदो रहेछ । सूर्योदयको दृश्य राम्ररी देखिने भएकाले यहाँ थुप्रै पर्यटक आउँछन् रे । सीमापारिका

दार्जिलिङ र खर्साङ पनि यहाँबाट स्पष्ट देखिन्थे । उत्तरतिर कञ्चनजङ्घा हिमाल मुस्काइरहेको थियो ।




चियाबारीको बिचैमा कृष्णाश्रम उच्च माध्यमिक विद्यालय रहेछ । यो विद्यालय देख्दा यहीँ बसेर पढौँ जस्ता लाग्यो ।



कन्याममा चिया कारखाना पनि रहेछ । हामी अनुमति लिएर कारखानामा पस्यौँ । यहाँ चियाका मुनालाई मेसिनमा हालेर ओइलाइँदो रहेछ । चियाको गुणस्तर राम्रो पार्न दुई पात र एक सुइरो मात्र टिप्नुपर्छ रे । ओइलाएका चियाका पात घानीमा हालेर सुकाइँदो रहेछ । यसपछि चिया प्याकिङ गरेर बिक्रीका लागि पठाइँदो रहेछ । यहाँको चिया युरोप र अमेरिकासम्म निर्यात हुँदो रहेछ । यहाँ कारखानामा मात्र होइन आसपासका क्षेत्रमा पनि चियाको बास्ना चलिरहेको थियो ।

कन्याम चिया बगान हेरेपछि हामी नजिकैको फिक्कल बजार पुग्यौँ । यहाँ आलु, अलैँची, कुचो, अकबरे खुर्सानी जस्ता सामग्रीको बिक्री हुँदै थियो ।

अलैँची देखाउँदै जवाहर सरले भन्नुभयो, "इलामलाई पाँच 'अ'को जिल्ला भनिन्छ । यहाँका मानिस आलु, अलैँची, अम्रिसो, अकबरे खुर्सानी र ओलनको उत्पादन तथा बिक्री वितरणबाट धनी भएका छन् । इलामका मानिस इलमी छन् ।"

साँच्चै यहाँका मानिस परिश्रमी रहेछन् । काम नगरी बस्नुलाई उनीहरू अनौठो मान्दा रहेछन् । खेतबारी कहीँ खाली थिएनन् । जताततै केही न केही उत्पादन देखिन्थ्यो । कोही जोतिरहेका थिए । कोही तरकारी लगाउँदै थिए भने कोही अम्रिसाको फूल झिक्दै देखिन्थे ।

हामीले फिक्कल बजारमा खाना खायौँ । खाना खाइसकेर हामी बरबोटे हुँदै नेपाल भारत सीमा क्षेत्रको पशुपतिनगर पुग्यौँ । पशुपतिनगर नजिकै बौद्ध गुम्बा रहेछ । हामीले त्यसको पनि अवलोकन गर्‍यौँ । पशुपतिनगरमा बाटोका दुवैतिर साना साना थुप्रै पसल रहेछन् । यहाँ नेपाल र भारत दुवै देशका ग्राहकले किनमेल गर्दा रहेछन् । यहाँ चिज कारखाना पनि रहेछ । हामीले कारखानामा चिज बनाएको हेर्‍यौँ ।

इलाममा मुख्य गरेर बाहुन, छेत्री, राई, लिम्बू, गुरुङ र लाप्चा जातिका मानिस बस्दा रहेछन् ।

दिन ढल्किसकेको थियो । शिक्षकहरूले फर्किने कुरा गर्नुभयो । हामीलाई भने चियाबारीमा अझै नाच्न र गाउन मन थियो । एक दिने भ्रमण भएकाले फर्कनु हाम्रो बाध्यता थियो । हामी रमाइलो अनुभव समेटेर फर्क्यौँ । मनले भने भनिरहेको थियो - यस्तै रमाइलो यात्रामा फेरि पनि जान पाए मन कति खुसी हुन्थ्यो । यसै गरी देशका सबै विद्यार्थीले सबै ठाउँमा पुग्न पाए उनीहरूको ज्ञान पनि धरै बढ्थ्यो होला ...।

## अभ्यास

### १. पढेर सुनाऊ :

मनले भने भनिरहेको थियो-यस्तै रमाइलो यात्रामा फेरि पनि जान पाए कति रमाइलो हुन्थ्यो । यसै गरी देशका सबै विद्यार्थीले सबै ठाउँमा पुग्न पाए उनीहरूको ज्ञान पनि धेरै बढ्थ्यो होला ...।

### २. सच्याएर कापीमा सार :

साँच्चइ याँका मानिस परिस्रमी रहेछन् । खेतवारि कहिँ खालि थिएनन । जताजतै कहिनकेही उत्पादन देखिन्थे ।

### ३. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| डिल | घुमाउरो परेको ठाउँ |
| चियाकमान | तीर्थयात्री |
| बगान | आली, छेउ |
| घुम्ती | बगैँचा, खेती |
| तीर्थालु | चियाका बोट लगाइएको ठाउँ |
| ओलन | हेर्नु |
| अवलोकन गर्नु | दुध |

### ४. वाक्यमा प्रयोग गर :

दृश्य, उकालो, सिँढी, वनभोज, पर्यटक

### ५. उत्तर भन :

(क) विद्यार्थी के उद्देश्यले निस्केका थिए ?

(ख) बसमा विद्यार्थीले कसरी रमाइलो गरे ?

(ग) विद्यार्थीले कहाँ पुगेर चियानास्ता खाए ?

(घ) श्रीअन्तु किन प्रसिद्ध छ ?

(ङ) चिया कहाँसम्म लगेर बेचिँदो रहेछ ?

६. तलको भनाइ पढ र त्यसको अर्थ लेखेर शिक्षकलाई देखाऊ :

(क) काम नगरी बस्नुलाई उनीहरू अनौठो मान्दा रहेछन् ।

(ख) उत्तरतिरका हरिया पहाडले हामीलाई बोलाइरहे जस्तो लाग्थ्यो ।

७. तलका प्रश्नको उत्तर लेख :

(क) विद्यार्थीहरूको विद्यालयदेखि पशुपतिनगरसम्मको यात्रा कस्तो रह्यो ?

(ख) चारआलीदेखि कन्याम पुग्दा विद्यार्थीले कुन कुन ठाउँ हेरे ?

(ग) इलाम केका लागि प्रसिद्ध रहेछ ?

(घ) कन्याममा मानिसहरू के के गर्दै थिए ?

(ङ) विद्यार्थीलाई गाउन र नाच्न मन लाग्नुको कारण के थियो ?

८. तलका अनुकरणात्मक शब्दहरूलाई वाक्यमा प्रयोग गर :

फतक्क, भुसुक्क, झमक्क, फनक्क, झलमल्ल, झल्याँस्स

९. पाठबाट व्यक्ति र ठाउँको नाम लेखेर शिक्षकलाई देखाऊ ।

१०. तिमीले गरेको कुनै यात्राको वर्णन लेखेर शिक्षकलाई देखाऊ ।

११. तल दिइएका विषयमा छोटा अनुच्छेद लेख :

(क) मेरो विद्यालय

(ख) मेरो परिवार

# १० साथीलाई चिठी

मिति : २०६५।१२।२८

मङ्गलटार, काभ्रेपलाञ्चोक

प्यारो साथी नरेश,

मिठो सम्झना ।

म र मेरो परिवारमा सबैलाई सन्चै छ । तिमी र तिम्रो परिवारको पनि आरामको कामना गर्दछु । पत्रमा लेख्नुपर्ने विशेष खबर त केही छैन, आफ्नो प्यारो साथीको सम्झना आयो । त्यसैले यो पत्र लेख्दै छु ।

परिवारका साथ आफ्नो जन्मथलो छाडी तिमी सहरतिर गइहाल्यौ । आफू भने गाउँमै रमाएर बसेको छु । कक्षा ४ सम्म त तिमी र मैले सँगै पढेका थियौँ । त्यस वेलाका तितामिठा घटनाहरू अब त सम्झनामा मात्र रहेका छन् । तिम्रो पढाइ त सहरको हलयमा यहाँभन्दा अझ राम्रो होला । ठाउँ र आफ्नो मिहिनेतअनुसार मेरो पनि पढाइ राम्रै छ । यस पत्रमा म मेरो पढाइको बारेमा एउटा खुसीको खबर लेख्दै छु ।

हाम्रो विद्यालयले यस वर्षको वार्षिक परीक्षाको परीक्षा फल चैत्र २५ गते प्रकाशन गऱ्यो । म कक्षा ५ मा प्रथम भएछु । हिजो विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवस पनि मनाइयो । त्यस अवसरमा पुरस्कार ग्रहण गर्न पाउँदा म अत्यन्त हर्षित भएँ । सो समारोहमा मेरा बुबा र आमा पनि उपस्थित हुनुहुन्थ्यो । मैले पुरस्कार पाएकामा मभन्दा बढी खुसी त मेरा बुबा र आमा हुनुभयो । दलितको छोराले कक्षामा प्रथम भई पुरस्कार प्राप्त गर्नु गौरवकै कुरा हो । बुबाआमाको इच्छा र गुरुहरूको प्रेरणा पाएर नै म प्रथम हुन सकेको हुँ । यस सफलताले मलाई अझ बढी मिहिनेत गर्ने हौसला मिलेको छ । बुबा, आमा र मलाई समारोहमा उपस्थित सबै अभिभावकहरूले बधाई दिए । स्याबासी पाउँदा मानिस ठुलो दिलले हुन्छ, जातले

हुँदैन भन्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाको भनाइ मलाई याद आयो । दलित भनेर समाजले म र मेरो परिवारप्रति हेर्ने दृष्टिमा परिवर्तन आएको अनुभव मैले गरेँ । मिहिनेतको फल मिठो हुन्छ भन्ने भनाइ पनि सम्झेँ । माथिल्ला कक्षाहरूमा अझ बढी मिहिनेत गरी पढेर म यस देशको असल नागरिक बन्ने छु भन्ने अठोट पनि गरेँ । समाजमा रहेका विभिन्न प्रकारका विभेदहरूको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्नु हाम्रो लक्ष्य हुनुपर्छ भन्ने ठानेको छु ।

पत्रलाई यहाँभन्दा बढी लामो बनाउन चाहन्न । मप्रति तिम्रो कस्तो दृष्टि छ, आत्मीय मित्रको नाताले उचित सल्लाह दिने नै छौ भन्ने आशा राखेको छु । तिम्रो पढाइको बारेमा पनि पत्र लेखेर पठाउने छौ भन्ने आशाका साथ अहिले लाई कलम बन्द गर्न चाहन्छु ।

तिम्रो आत्मीय साथी

भक्तबहादुर परियार

**खामको नमुना**

| पठाउने | पाउने |
| --- | --- |
| भक्तबहादुर परियार | नरेश मैनाली |
| महाकाली देवी प्रा.वि. | वागीश्वरी मा.वि. (टिकट) |
| मङ्गलटार -३ | नेपालगञ्ज नगरपालिका -९ |
| काभ्रेपलाञ्चोक जिल्ला | बाँके जिल्ला |
| बागमती अञ्चल | भेरी अञ्चल |

१. भक्तबहादुरले लेखेको चिठी पढेर कक्षामा सुनाऊ ।

२. सच्याएर कापीमा सार :

## अभ्यास

परिवार को, प्यारोसाथी, पुरसकार, परीवार, प्रकासन

३. **शब्द र अर्थको जोडा मिलाएर कापीमा सार :**

| शब्द | अर्थ |
|---|---|
| परीक्षाफल | लिने काम |
| वार्षिकोत्सव | परीक्षाको परिणाम |
| ग्रहण | निर्णय, निश्चय |
| गौरव | हेराइ |
| प्रेरणा | विशेष कार्यक्रम |
| हौसला | प्रत्येक वर्षमा खास दिन मनाइने उत्सव |
| समारोह | सम्मान, इज्जत |
| दृष्टि | न्यायसङ्गत |
| अठोट | भिन्नता, फरक |
| विभेद | अभिन्न, मन मिल्ने, आफ्नो लाग्ने |
| समतामूलक | प्रोत्साहन |
| लक्ष्य | उत्साह |
| आत्मीय | उद्येश्य |

४. **वाक्यमा प्रयोग गर :**

प्यारो, अभिभावक, हर्षित, परिवार, मिहिनेत,
दिल, खुसी, परीक्षा, आत्मीय, अनुभव

## ५. उत्तर लेख :

(क) चिठी कसले कसलाई लेखेको हो ?

(ख) भक्तबहादुर किन अत्यन्त हर्षित भयो ?

(ग) भक्तबहादुरलाई पुरस्कार किन दिइएको हो ?

(घ) भक्तबहादुर परीक्षामा कसरी प्रथम हुन सक्यो ?

(ङ) महाकवि लक्ष्मीप्रसाद देवकोटाको कुन भनाइ कति खेर भक्तबहादुरलाई याद आयो ?

(च) हाम्रो लक्ष्य कस्तो हुनुपर्छ ?

(छ) भक्तबहादुर र नरेशको विद्यालयको नाम र ठेगाना लेख ।

## ६. चिठी लेख्दा कुन कुन कुराहरू कहाँ कहाँ लेखिन्छन्, साथीहरूसँग छलफल गरी टिपोट गरेर कक्षामा सुनाऊ ।

## ७. एउटा चारकुने कागजको टुक्राबाट खाम बनाई कक्षामा शिक्षकलाई देखाऊ ।

## ८. आफू सहभागी भएको वनभोज कार्यक्रमको अनुभव र ठाउँको वर्णन गर्दै आफ्नो साथीलाई चिठी लेख ।

## ९. घर छाडी जागिर खान परदेश गएका दाजुलाई घर आउँदा आफूलाई विभिन्न खेलकुदका सामग्री ल्याइदिन अनुरोध गर्दै चिठी लेख ।

११

# नदी

माधवप्रसाद घिमिरे

सानी नदी पर्वतबाट झर्छिन्
हाहा र हुहू वनभित्र गर्छिन्
खोला र नाला सँगिनी हजार
आएर भेट्छन् वनको पुछार ।
त्यो घामछायामय कुञ्जभित्र
छन् इन्द्रिनीका रचना विचित्र
आनन्दमा चट्ट फिँजाई लट्टा
खेल्छिन् छहारीमनि नित्य गट्टा
रिसाई पाखा पहरा लछार्छिन्
ढुङ्गा र मुढा तटमा पछार्छिन्
बाढी र पैरासित गड्गडाई
थर्काउँछिन् पर्वतराजलाई ।
घुमेर हेरीकन गाउँलाई
पहाड पाखा हरिया बनाई
जान्छिन् यिनी दूर समुद्र भेट्न
सक्तैन कोही यिनलाई रोक्न ।



## अभ्यास

१. 'नदी' कविता लयमा गाएर सुनाऊ ।

२. तलका शब्द शुद्धसँग उच्चारण गर :

| | | | | |
|---|---|---|---|---|
| पर्वत | सँगिनी | छहारी | पहरा | समुद्र |

३. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| सँगिनी | हिमालय |
| कुञ्ज | साथी |
| तट | नदीको किनार |
| पर्वतराज | लहरा र पातहरूले ढाकिएको ठाउँ |

४. शब्दकोश हेरेर तलका शब्दको अर्थ लेख :

पर्वत, पुछार, घाम, रचना, लट्टा, गट्टा, पाखो, लर्छानु, पहरा, मुढो

५. शुद्धसँग उच्चारण गर र भिन्न अर्थ बुझ :

| | | | | |
|---|---|---|---|---|
| पर्वत | कुञ्ज | भेट्नु | लट्टा | बाढी |
| सर्बत | पुञ्ज | मेट्नु | लठ्ठा | बारी |

६. उत्तर भन :

(क) नदी कहाँबाट झर्छ ?

(ख) इन्द्रेनीका विचित्र रचना कहाँ छन् ?

(ग) छहारीमुनि नदीले के खेल्छ ?

(घ) नदीले पर्वतलाई किन थर्काउँछ ?

(ङ) नदीले पहाडलाई कस्तो बनाउँछ ?

७. तलका शब्दहरू वाक्यमा प्रयोग गर :

| | | |
|---|---|---|
| हाहाहुहु, | ढुङ्गामुढा, | घामछाया, |
| इन्द्रेनी, | खोलानाला, | बाढीपहिरो |

८. तलका हरफहरू पढ र तिनको अर्थ लेख :

त्यो घामछायामय कुञ्जभित्र
छन् इन्द्रिनीका रचना विचित्र
आनन्दमा चट्ट फिँजाई लट्टा
खेल्छिन् छहारीमनि नित्य गट्टा

९. तलका प्रश्नहरूको उत्तर देऊ :

(क) नदीका साथीहरू को को हुन् ?

(ख) नदीका साथीहरू नदीसँग कहाँ भेटिन्छन् ?

(ग) कुञ्ज कस्तो हुन्छ ?

(घ) 'खेल्छिन् छहारीमुनि नित्य गट्टा' भन्नुको अर्थ के हो ?

(ङ) नदी आफ्नो रिस कसरी पोख्छ ?

(च) नदीबाट गाउँलाई हुने फाइदाहरू के के हुन् ?

(छ) कसैले नदीलाई रोक्न नसक्नाको कारण के हो ?

१०. तलका शब्दहरूको अर्थ दिने दुई दुई ओटा शब्द लेख :

| | | |
|---|---|---|
| आनन्द | नित्य | छहारी |
| विचित्र | साथी | रोकिनु |

११. तलका शब्दहरूको उल्टो अर्थ दिने शब्द लेख :

| | | | | |
|---|---|---|---|---|
| सानी | भेट्नु | घाम | रिसाउनु | जानु |
| ओर्लनु | पुच्छर | सुख | गाउँ | टाढा |

१२. तलका विभक्तिहरू प्रयोग गरी वाक्य बनाऊ :

ले, लाई, देखि, को, का, की, मा, लागि, द्वारा

१३. तिम्रो गाउँ वा सहरनजिक भएको कुनै खोला वा नदीका बारेमा बयान गरी एक अनुच्छेद लेख ।

१४. तलको चुट्किला पढ र तिमीले जानेका केही चुट्किला साथीलाई सुनाऊ :

(दुई जना विद्यार्थी विद्यालय ढिलो पुगे ।)

शिक्षक : गोपाल, तिमी किन ढिलो आयौ ?

गोपाल : मेरो पैसा कता खसेछ, त्यही खोज्न लाग्दा ढिलो भयो ।

शिक्षक : हरि, तिमी पनि किन ढिला नि ?

हरि : मैले उसको पैसा कुल्चेर बसेको थिएँ । त्यसैले ढिलो भयो ।

१५. तिमीले जानेका चुट्किला लेखेर शिक्षकलाई देखाऊ ।

१६. तिमीलाई थाहा भएका खोला र नदीका नाम लेखेर कक्षाका साथीलाई सुनाऊ ।

१७. 'पानीको महिमा' विषयमा कविता लेखेर शिक्षकलाई देखाऊ ।

१८. नदी कवितामा गरिएको वर्णनलाई आफ्नो बोलीचालीको भाषामा लेख ।

१९. नदीको चित्र बनाएर कक्षाकोठामा टाँस ।

१२

# प्रेरणा



काठमाडौँमा नयाँ सडक भन्ने ठाउँ छ । नयाँ सडकमा एउटा पिपलको बोट छ । त्यहाँ धेरै मानिसहरूको आवतजावत हुन्छ । त्यहाँ विशेष गरी पत्रपत्रिका किन्नेहरूको भिड हुन्छ । मान्छेहरू भेटघाट गर्ने थलोका रूपमा पनि त्यस ठाउँलाई लिइन्छ ।

नयाँ सडक गोरखा पत्र छाप्ने ठाउँको नजिकै छ । नेपालको पहिलो बैङ्क नेपाल बैङ्क लिमिटेड पनि नयाँ सडकको नजिकै छ ।

शिक्षक डोल्मा त्यहीँ पत्रिका किन्दै थिइन् ।

"नमस्कार, गुरुमा ।"



यो आवाज सुनेर डोल्मा झस्किइन् । उनले पछाडि फर्केर हेरिन् । सुकिलो लुगा लगाएको एउटा मोटो र हँसिलो केटो उनको अगाडि उभिएको थियो । उनले त्यस केटालाई तलदेखि माथिसम्म हेरिन् । "हजुरले मलाई चिन्नुभएन ? म उही कृष्ण क्या ।"

डोल्माले बिर्सिसकेकी थिइन् । उनी अलमलिएको देखेर त्यस केटाले फेरि भन्यो, "हजुरले मलाई काम गर भनेर दुई सय रुपियाँ दिनुभएको होइन ? मैले त्यसैले जुत्तामा पालिस लगाउने सामान किनेँ । अहिले यही पिपलको बोटमुनि बसेर पालिस लगाउने काम गर्छु । मैले डेरा पनि लिइसकेँ ।"

एकछिन रोकिएर उसले फेरि भन्यो, "हजुरले त्यति वेला दिनुभएको दुई सय रुपियाँ म आज फिर्ता गर्छु । हजुरले गर्दा नै मैले मिहिनेत गर्न जानेँ, स्वावलम्बी बन्न सिकेँ । कृपया यो पैसा लिनुहोस् ।" यति भनी उसले डोल्मालाई दुई सय रुपियाँ फिर्ता दियो ।

"ए...। के गरेको ।" डोल्मालाई अचम्म लाग्यो ।

डोल्माले एक डेढ वर्ष पहिलाको कुरा सम्झिन् - एउटा केटो बाटामा एक रुपियाँ पाऊँ भनी माग्दै थियो । उनले त्यस केटालाई दुई सय रुपियाँ दिएकी थिइन् ।



कृष्णले झुत्रो र मैलो लुगा लगाएको थियो । डोल्माले दिएको पैसाले एउटा माग्ने केटाले आज राम्रो काम गऱ्यो । यो देख्दा उनलाई ज्यादै खुसी लाग्यो । उनका आँखाबाट खुसीका आँसु झरे । उनले कृष्णको टाउकामा हात राख्दै भनिन् "अहो ! तिमीले त ज्यादै राम्रो काम गऱ्यौ, स्याबास् ।"

उनले त्यो दुई सय रुपियाँ कृष्णलाई फिर्ता दिँदै भनिन्, "यो दुई सय रुपियाँ तिमी जस्तै कोही

पनि नभएको मानिसलाई देऊ । उसलाई पनि कुनै काम गरेर खाऊ, भन । तिमी आफू कसरी माग्नेबाट स्वावलम्बी केटो बन्यौ, त्यो पनि उसलाई भन ।" अब तिमी चाहिँ पढ्न पनि थाल है ।" यति भनेर शिक्षक डोल्मा फटाफट हिँडिन् ।

## अभ्यास

१. **सुन र भन :**

(क)

| | | | |
|---|---|---|---|
| पोहोर | चुत्रो | टर्छ | टोक्नु |
| फोहोर | झुत्रो | सर्छ | तोक्नु |

(ख) आवत जावत, डेरा, बैङ्क, कृपया, अचम्म, पत्रिका, भिड

२. **'प्रेरणा' कथा पालैपालो पढेर सुनाऊ ।**

३. **सच्याएर लेख :**

काथमाण्डु, पिप्पल, पतरपतरीका, रुप्या, स्याब्बास, फिरता, मइलो

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| आवतजावत | ठाउँ |
| थलो | आफ्नो काम आफैँ गर्ने |
| स्वावलम्बी | थोत्रो, च्यातिएको |
| झुत्रो | आउने र जाने काम |

५. **उत्तर भन :**

(क) नयाँ सडकमा के छ ?

(ख) त्यहाँ किन भिड लाग्छ ?

(ग) पिपलको बोट कस्तो थलो हो ?

(घ) डोल्मासँग कुरा गर्ने केटाको नाम के हो ?

(ङ) उसले डोल्मालाई कति पैसा दियो ?

(च) डोल्मालाई किन खुसी लाग्यो ?

६. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

नमस्कार, स्याबास, हजुर, धन्यवाद,

माफ गर्नुहोस्, क्षमा गर्नुहोला, कृपया, हवस्

७. **उत्तर लेख :**

(क) डोल्माले कृष्णलाई दुई सय रुपियाँ किन दिइन् ?

(ख) डोल्माले दोस्रोपल्ट भेट्दा कृष्ण कस्तो देखिन्थ्यो ?

(ग) कृष्णले दुई सय रुपियाँ केमा खर्च गऱ्यो ?

(घ) डोल्माको आँखाबाट किन आँसु झरे ?

(ङ) डोल्माले किन रुपियाँ फिर्ता लिइनन् ?

(च) कृष्णले त्यो दुई सय रुपियाँ के गर्ला ?

८. **मिल्ने अक्षरमा चन्द्रबिन्दु लगाऊ :**

(क) उसको आखाबाट आसु आयो ।

(ख) मसग बस्न तिमी सुहाउदैनौ ।

(ग) म तिमीलाई पढ्न सिकाउछु ।

(घ) हासलाई गहु खान देऊ ।

(ङ) आगनमा आपको बोक्रा नफाल ।

९. तालिकाबाट वाक्यहरू बनाऊ :

| | | |
|---|---|---|
| उहाँले | तलदेखि माथिसम्म | खोज्नुभयो ? |
| तपाईंले | घरदेखि खेतसम्म | के हेर्नुभयो ? |
| | यहाँदेखि त्यहाँसम्म | |

१०. तिम्रा साथीहरूको नाम लेख । उनीहरू कति कति वर्षका भए, उनीहरूले कुन कुन लुगा लगाएका छन्, लुगाको रङ लेख ।

| साथीको नाम | उमेर | लुगा | लुगाको रङ |
|---|---|---|---|
| १. दीपा शर्मा | १० | कमिज र घाँगर | निलो र खैरो |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

११. तलको तालिकाबाट वाक्यहरू बनाऊ :

| | | | |
|---|---|---|---|
| ऊ | निदाउरो | दुब्लो<br>ख्याउटो<br>थियो ।<br>मोटो<br>बलियो | छ । |

१२. कृष्णको ठाउँमा तिमी भए तिमी दुई सय रुपियाँ कुन काममा लगाउँथ्यौ र कसरी खर्च गर्थ्यौ, लेखेर देखाऊ ।

# १३ रिसको औषधी

(आस्था कोठामा रिसाएर बसेकी छ । उसको दाजु विश्वास कोठामा प्रवेश गर्छ ।)

विश्वास : ए आस्था, यता हेर त, किन ठसक्क परेर बसिरहेकी हँ ?

आस्था : नकराउनुहोस् है दाइ, मलाई धेरै रिस नउठाउनुहोस् ।

विश्वास : मैले रिस उठाउने रे ? कस्तो रिस रहेछ, उठाए उठ्ने, बसाए बस्ने ।

आस्था : नकराउनुस् भनेको । झन् नकराउनुस् भन्यो, झन् पो कराउनुहुन्छ । एकछिन चुप लागेर बस्न सक्नुहुन्न ?

विश्वास : तिमीलाई के भयो आज ? त्यति त बताउन सक्छ्यौ ?

आस्था : मलाई रिस उठ्यो ।



विश्वास : कससँग ?

आस्था : जोसुकैसँग होस् । तपाईंलाई किन चाहियो ?

विश्वास : भन न, भन ।

आस्था : आफैँसँग ।

विश्वास : आफैँसँग रे ? कस्तो अचम्मको कुरा । आफैँसँग पनि रिस उठ्छ ?

आस्था : किन उठ्दैन त कहिलेकाहीँ ? तपाईंलाई चाहिँ आफैँसँग रिस उठ्दैन ?

विश्वास : अँहँ, मलाई त अरूसँग रिस उठ्छ ।

आस्था : बताउनुहोस् त, तपाईँलाई ककससँग रिस उठ्छ ?

विश्वास : कहिले आमाबाबा, दाजुदिदी जस्ता आफूभन्दा ठुलासँग, कहिले आफूभन्दा सानासँग ।

आस्था : कहिले स्कुलका शिक्षकसँग, कहिले चाहिँ साथीहरूसँग । त्यो त तपाईँले भन्दै भन्नुभएन ।

विश्वास : भन्दै थिएँ, तिमीले नै भनिहाल्यौ ।

आस्था : रिस उठ्दा तपाईँ के गर्नुहुन्छ, विश्वास दाइ ?

विश्वास : म त भनिहाल्छु नि । बरु तिमीले आज केके गर्‍यौ, सुनाऊ न ।

आस्था : ठुलो ठुलो स्वरले कराएँ । आमाबाले भनेको पनि मानिनँ । त्यति मात्र हो र, भाइ बहिनीलाई पिटेँ पनि ।

विश्वास : त्यस्तो गर्न हुन्छ त ? म त तिमीले भनेको जस्तो केही गर्दिनँ ।

आस्था : तपाईँलाई रिस उठ्दा के गर्नुहुन्छ त ?

विश्वास : रिस उठ्यो भने म रुन्छु, अनि अरूसँग झर्केर बोल्छु । मेरो मुख रातो रातो हुन्छ, जिउ तात्छ । म काम्न थाल्छु । अनि के बोल्छु, के गर्छु, आफैँलाई पत्तो हुन्न ।

आस्था : तपाईँ रिसाउनुभयो भने त डर लाग्ने गरेर पो रिसाउनु हुँदो रहेछ ।

विश्वास : थाहा छ ? कोहीकोही रिसाउँदा मुख छोपेर सुत्छन् । अनि एउटाको रिस अर्कैलाई पोख्छन् ।

आस्था : तपाईँको कुरा त म केही बुझ्दिनँ । 'एउटाको रिस अर्कैलाई पोख्छन्' भनेको चाहिँ के नि ?

विश्वास : तिमी त केही कुरा बुझ्दिनौ । त्यसैले त आमाले तिमीलाई 'लाटी' भन्नुभएको । एक जनासँग रिस उठ्छ, अर्कालाई त्यो रिस पोख्ने भनेको क्या ।

आस्था : मैले त बुझिनँ ।

विश्वास : जस्तै भनौँ न शिक्षकसँग रिस उठेको छ भने साथीहरूसँग नबोल्नु अथवा किताबको जिल्ला च्यात्नु ।

आस्था : ए बल्ल बुझेँ । उनीहरूलाई रिस नदेखाएर अरू नै मान्छे वा चिजलाई रिस देखाउनु ।

विश्वास : थाहा छ आस्था ? रिसाउँदा हाम्रो शरीरका धेरै मांसपेशीहरूले काम गर्नुपर्छ रे ! रिसले हाम्रो शक्ति नाश गर्छ रे ! हामीलाई कमजोर पार्छ रे !

आस्था : अहो ! तपाईंले यस्ता कुरा कसरी थाहा पाउनु भएको ? रिस त रोग जस्तै हाम्रो ठुलो शत्रु पो रहेछ ।

विश्वास : मैले बाल पत्रिकाहरूमा पढेको । तिमीले ठिक भन्यौ, रिस पनि एक प्रकारको रोग नै हो ।

आस्था : रोग हो भने औषधी पनि हुनुपर्‍यो नि ।

विश्वास : छ त नि । म त त्यही औषधी गर्छु । रिसको औषधी हुन्छ भन्ने कुरा तिमीलाई थाहा थिएन ?



आस्था : अँहँ ! त्यस औषधीको नाम के हो ? कहाँ पाइन्छ ?

विश्वास : त्यो औषधी बजारमा पाइँदैन । रिस उठेपछि आफैँले गर्ने घरेलु औषधी हो त्यो ।

आस्था : बताउनुस् न त सुनौँ ।

विश्वास : यदि तिमीलाई रिस उठ्यो भने एक गिलास चिसो पानी खाऊ । जससँग अथवा जेसँग रिस उठेको छ, त्यसबाट पर जाऊ । केहीबेर ओछ्यानमा पल्ट । ऐनामा आफ्नो अनुहार हेर । आफूलाई मन पर्ने भगवान्को नाम जप ।

आस्था : यो साँच्ची नै रिसको औषधी हो त ?

विश्वास : हो त रिसलाई बढायो भने झन् बढ्छ । सकेसम्म यसलाई घटाउनुपर्छ । रिसले मानसिक असर पुऱ्याउँछ । त्यसैले रिसाउनु हुन्न ।

आस्था : यसो गर्दा साँच्चै रिस हराउँछ त ?

विश्वास : तिमी मैले माथि बताएका कुराहरू पालन गरेर त हेर, तिम्रो रिस आफैँ हराउने छ ।

आस्था : यस्तो काम लाग्ने राम्रो कुरा सुनाएकोमा धन्यवाद ! अब म कहिल्यै रिसाउँदिनँ ।

## अभ्यास

१. शिक्षकले भनेको सुन र भन :

ठसक्क, स्वर, मांसपेशी, औषधी, ऐना

२. आस्था र विश्वास बनेर माथिको पाठ हाउभाउसहित पालैपालो पढेर सुनाऊ ।

३. सच्याएर कापीमा सार :

उदाहण, शोर, सरिर, ओसदी, रीश, अइना

४. तलका शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
| --- | --- |
| ठसक्क पर्नु | बल |
| पत्तो | रिसाउनु |
| मांसपेशी | थाहा |
| शक्ति | घर सम्बन्धी |
| घरेलु | शरीरमा मासु भएको अङ्ग |

५. तलका प्रश्नहरूको उत्तर देऊ :

(क) के सबै मानिसलाई रिस उठ्छ ?

(ख) रिस उठेपछि शरीरमा केकस्तो परिवर्तन देखिन्छ ?

(ग) रिस उठ्नुका कारणहरू के के हुन सक्छन् ?

(घ) रिस उठ्दा तिमी के गर्छौ ?

(ङ) रिसको औषधी के हो ?

६. **तलका शब्द प्रयोग गरेर सुहाउँदो अनुच्छेद लेख :**

| | | | | |
|---|---|---|---|---|
| औषधी | ठुला | अचम्म | स्वर | पत्तो |
| शक्ति | शत्रु | भगवान् | | धन्यवाद |

७. **वाक्यमा प्रयोग गर :**

| | | | | |
|---|---|---|---|---|
| ठसक्क | झन् | झर्कनु | पत्तो | पोख्नु |
| पत्रिका | घरेलु | उत्तानो | अनुहार | |

८. **उदाहरण हेरी खाली ठाउँमा मिल्दो शब्द थप :**

| | | |
|---|---|---|
| उदाहरण | म अबदेखि रिसाउँदिनँ। | (रिसाउनु) |
| | म भात खान्नँ। | (खानु) |

(क) म काठमाडौँ.............. । (जानु)

(ख) म तिम्रो कुरा............. । (मान्नु)

(ग) म यसको उत्तर........... । (जान्नु)

(घ) म कसैलाई............... । (भन्नु)

(ङ) म यो किताब............. । (लानु)

९. **तालिकाबाट वाक्यहरू बनाऊ :**

| | | | |
|---|---|---|---|
| तिमीलाई | अरूसँग<br>आफैँसँग<br>आमाबासँग<br>भाइबहिनीसँग<br>शिक्षकसँग<br>साथीहरूसँग | किन | रिस उठ्छ ? |

१०. तलका वाक्यमा शब्दका क्रम मिलेका छैनन् । क्रम मिल्ने गरी वाक्य बनाऊ :

(क) बाल्नुपर्छ र चाँडै बत्ती मैनबत्ती ।

(ख) उन्नति निकै नि भयो तिम्रो ।

(ग) रे माग्नेलाई नदिनू पैसा ?

(घ) भन्यो कसले कुरा यो ?

(ङ) नकराऊ झन्झन् भन्यो कराउँछ ।

११. तलका जोडी शब्दहरू पढ र फरक बुझ :

| | | | |
|---|---|---|---|
| भने | बास | भाडा | गाऊ |
| भनेँ | बाँस | भाँडा | गाउँ |

१२. उदाहरणमा दिइए जस्तै गरी तलका वाक्यहरू परिवर्तन गर :

उदाहरण

म भात खान्छु । – म भात खान्नँ ।

आस्था रिसाउँदिन । – आस्था रिसाउँछे ।

(क) उसलाई आफैँसँग रिस उठ्छ ।

(ख) हरि स्कुल जान मन गर्दैन ।

(ग) सनम राम्री छ ।

(घ) बेखामान अग्लो छैन ।

(ङ) पढ्ने वेलामा सुत्नु हुन्छ ।

(च) सुत्ने वेलामा लुगा नफेर ।

१३. तिम्रो घरका मानिसहरू रिसाउँदा तिमीप्रति कस्तो व्यवहार गर्छन्, लेखेर शिक्षकलाई देखाऊ ।

१४. तलको संवाद पूरा गर :

जनक : जानकी ! हिजो किन स्कुल नआएकी ?

जानकी : ................................

जनक : अनि कस्तो भयो त पूजा ?

जानकी : .............................

जनक : .............................

जानकी : उसको घरमा पनि इदको तयारी थियो ?

जनक : .................................

जानकी : खै मलाई पनि थाहा छैन । ऊ आएपछि सोधौँला नि, कसरी मनाउँदा रहेछन् ।

जनक : .......................

जानकी : पर्सि त आइहाल्छ नि ।

जनक : ..........................

जानकी : हुन्छ, जाऔँ ।

१५. तलको चित्रमा तिमी के के देख्छौ, भन :



# १४ सिक्नुपर्ने कुरा

भाइबहिनी हो !

तिमीहरू विद्यार्थी हौ । तिमीहरू विद्यालयमा धेरै विषयहरू पढ्छौ र धेरै कुरा पनि सिक्छौ । तिमीहरू शुद्धसँग नेपाली लेख्न सिक्छौ । सफाइ गर्न र स्वस्थ रहन सिक्छौ । त्यसै गरी शारीरिक व्यायाम गर्न पनि सिक्छौ । यो असल कुरा हो । यस्ता कुरा सिक्नुपर्छ । यीबाहेक पनि सिक्नुपर्ने कुराहरू धेरै छन् । ती कुराहरू पनि तिमीहरूले एकदमै राम्रोसँग सिक्नुपर्छ । तिनैमध्ये म तिमीहरूलाई केही कुरा बताउँछु ।

नम्र र मिठो बोली बोल्नेलाई सबैले मन पराउँछन् । तिमीहरूले काग देखेका छौ । काग कराएको पनि सुनेका छौ । तिमीहरूलाई काग कराएको मन पर्छ ? काग नजिकै आएर कराउने बित्तिकै तिमीहरू त्यसलाई धपाउँछौ । कागको बोली मानिसलाई रूखो लाग्छ । तिमीहरूले कोइली पनि देखेका हौला ? कोइलीको स्वर पनि सुनेका छौ ? झ्वाट्ट हेर्दा कोइली काग जस्तै हुन्छ । सानो छँदा कोइली कागकै बच्चासँग हुर्कन्छ र बढ्छ । कसैले पनि कोइलीलाई धपाउन खोज्दैन । सबैलाई कोइलीको मिठो बोली मन पर्छ । तिमीहरू पनि सबैसँग नरम र मिठो बोली बोल । तिमीहरूलाई सबैले मन पराउँछन् ।

आँखाले हेर्छ । कानले सुन्छ । नाकले सुँघ्छ । छालाले कुनै कुरा छोएको थाहा पाउँछ र जिब्राले स्वाद लिन्छ । यी पाँच इन्द्रियलाई ज्ञानेन्द्रिय भन्छन् । जिब्रोबाहेक अरू ज्ञानेन्द्रियहरूले एउटा मात्र काम गर्छन् । आँखाले सुन्न सक्दैन न त कानले देख्न सक्छ । त्यसै गरी छालाले सुँघ्न सक्दैन, न त नाकले छोएको थाहा पाउँछ । जिब्राले भने एउटा होइन, दुइटा काम गर्न सक्छ । अब जिब्राको

पहिलो कामबारे विचार गरौँ । जिब्राले स्वाद लिन्छ । यसले मिठो, नमिठो, गुलियो, नुनिलो वा तितो स्वाद थाहा पाउँछ । तिमीहरूलाई नमिठो चिज मन पर्दैनन् । नमिठो कुरा तिमीहरू छुँदै छुँदैनौ । बिरामी हुँदा भने तिमीहरूले तितो कुरा पनि खानै पर्ने हुन्छ । सबै




नमिठो चिजहरूलाई पन्छाउन सकिन्न । औषधी जस्तो नमिठो कुराले रोग निको पार्छ । मिठो कुरा चाहिँ तिमीहरूलाई खाइरहूँ जस्तो लाग्छ । मिठो कुराले पनि स्वास्थ्यलाई असल नगर्न सक्छ । त्यसैले कुनै पनि खानेकुराले आफूलाई फाइदा गर्छ अथवा गर्दैन, खानुभन्दा पहिले नै यो कुरा सोच्नुपर्छ । जिब्राले माग्दैमा बिरामी नै पर्ने गरी धेरै खानुहुन्न । बिरामी परियो भने शरीर, मन, मस्तिष्क सबै कमजोर हुन्छन् ।

जिब्राको अर्को काम बोल्नु हो । तिमीहरू पनि आफ्ना भावना, विचार, इच्छा, प्रार्थना वा दु:खसुख व्यक्त गर्न बोल्छौ । रिसाएको वेला ठुलो ठुलो स्वरले नमिठोसँग बोल्छौ । खुसी भएको वेला सानो स्वरले मिठोसँग बोल्छौ । आफ्नो र अरूको भलाइका लागि मात्र जिब्राको प्रयोग गर्नुपर्छ । तिमीहरूले अरूसँग कडा, नमिठो बोली बोल्यौ भने उनीहरूले पनि तिमीहरूसँग त्यस्तै वचन बोल्ने छन् । आफूसँग रिसाउनेसँग पनि मिठो वचन बोल । यसो गर्‍यौ भने उनीहरू शान्त हुन्छन् र आफ्ना वचनका लागि दु:खित हुन्छन् । त्यसैले अरूप्रति नराम्रा, नमिठो शब्दहरू प्रयोग नगर । नचिच्याऊ र आवश्यकताभन्दा ठुलो स्वरले नबोल अनि आवश्यक भए मात्र बोल । ठुलो ठुलो स्वरले अनावश्यक कुरा बोलेर आफ्नो शक्ति किन खेर फाल्छौ ?

जिब्रो सधैँ तरबारका धार जस्ता दाँतहरूको बिचमा सुरक्षित रहन्छ । आफू

वरिपरिको वातावरण यसले राम्रोसँग चिनेको हुन्छ । त्यसै गरी तिमीहरूले पनि आफू वरिपरिको वातावरण राम्रोसँग नियाल्नुपर्छ । खतराबाट र दुर्घटना हुनबाट आफूलाई जोगाउनुपर्छ ।

जिब्रोबाट अरू कुरा पनि सिक्न सकिन्छ । जिब्रो सधैँ आफ्नै बासमा बसिरहन्छ, यसले आफ्नो सीमा बुझेको हुन्छ । त्यसै गरी तिमीहरू बेकाममा भौँतारिरहनु हुन्न । काम गरुन्जेल काममा लाग्ने र अघिपछि धैर्य गर्न सिक्नुपर्छ । हामीले शान्त हुने बानी बसाल्नुपर्छ ।

## अभ्यास

१. **शिक्षकबाट पाठको पहिलो र दोस्रो अनुच्छेद सुन र समूहमा भन ।**

२. **शुद्ध पारेर लेख :**

(क) नमर र मिठो बोलि बोलनेलाइ सबै ले मनपराउँछन् ।

(ख) औसधी जस्तो त मिठो कुरा ले रोक नीको पार्छ ।

(ग) घरमा बसि आमाबा दिदिबैनि र दाजूभाई लाई सहयोग गर्नुपर्छ ।

३. **तलका शब्दहरूको हिज्जे मिलाई लेख :**

| | | |
|---|---|---|
| बीत्तिकै | धुङ्गा | झ्वात्त |
| स्वास्थ | सुरच्छित | भौँटारिनु |
| बाताबरन | षङगत | पढिगुणी |

४. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| ज्ञानेन्द्रिय | बताउनु |
| व्यक्त गर्नु | साँध, सिमाना |
| वचन | जतन गरिएको |

| | |
|---|---|
| सुरक्षित | बोली |
| सीमा | आँखा, कान, नाक, जिब्रो र छाला पाँच अङ्गहरू जनाउने शब्द |

५. **तलका प्रश्नहरूको उत्तर लेख :**

(क) विद्यालयमा तिमीले पढ्ने विषयहरू के के हुन् ?
(ख) किन कोइलीलाई सबैले मन पराउँछन् ?
(ग) कुन कुन अङ्गले के के काम गर्छन् ?
(घ) जिब्राले हामीलाई के के मदत गर्छ ?
(ङ) जिब्राको मदतबाट हामीले आफूलाई कसरी राम्रो तुल्याउन सक्छौँ ?

६. **तलका अङ्ग र तिनका काम लेख :**

| अङ्ग | काम |
|---|---|
| नाक | |
| कान | |
| आँखा | |
| जिब्रो | |
| छाला | |

७. **तलका वाक्यांशहरूलाई वाक्यमा प्रयोग गर :**

| | | |
|---|---|---|
| झ्वाट्ट हेर्नु | थचक्क बस्नु | फतक्क गल्नु |
| मुखैमा झुन्डिनु | आँखामै टाँसिनु | कानैमा गुन्जिनु |

८. **खाली ठाउँमा मिल्दो शब्द थपी वाक्य पूरा गर :**

(क) पाँच कक्षा पास गर्ने उसको ..... थियो । (इच्छा/इच्छित)

(ख) उसले आफ्नो ........... वस्तु भेट्टायो । (इच्छा/इच्छित)

(ग) मान्छे ................ मा बस्छ । (सामाजिक/समाज)

(घ) मान्छे ................ प्राणी हो । (सामाजिक/समाज)

(ङ) तिमीलाई ............. बनोटबारे केही ज्ञान छ ? (भूगोल/भौगोलिक)

(च) अँहँ, मैले ............. पढेको छैन । (भूगोल/भौगोलिक)

९. **तलका शब्दहरू पढ र बुझ :**

ठुला + ठुला = ठुल्ठुला

तातो + तातो = तात्तातो

साना + साना = ससाना

१०. **तलको वाक्य पढ र त्यसबारे एक अनुच्छेद लेख :**

आफ्नो र अरूको भलाइका लागि मात्र जिब्राको प्रयोग गर्नुपर्छ ।

११. **तल दिइएको अनुच्छेद मनमनै पढ र सोधिएका प्रश्नहरूको उत्तर देऊ :**

प्रत्येक प्राणीभित्र ईश्वरको बास हुन्छ । त्यसैले अरूप्रति नराम्रा, नमिठो शब्दहरू प्रयोग नगर नचिच्याऊ र आवश्यकताभन्दा ठुलो स्वरले नबोल । ठुलो ठुलो स्वरले अनावश्यक कुरा बोलेर आफ्नो शक्ति किन खेर फाल्छौ ?

(क) ईश्वर कहाँ बस्छन् ?

(ख) किन अरूप्रति नमिठो शब्द प्रयोग गर्नु हुँदैन ?

(ग) चिच्याउँदा के नाश हुन्छ ?

(घ) अनावश्यक कुरा भन्नाले के बुझिन्छ ?

१२. **दिइएका विषयमा एक अनुच्छेद लेख :**

(क) मिठो बोली

(ख) विद्याको महत्त्व

(ग) स्वस्थ शरीर

१५

# बिरामी बिदाको निवेदन

मिति : २०७३/८/१५

श्रीमान् प्रधानाध्यापक

जनज्योति आधारभूत विद्यालय

पर्सा

विषय : बिदा स्वीकृत गरिदिनेबारे ।

महोदय,

अनायास टाइफाइडको ज्वरो आएकाले म पाँच दिनदेखि विद्यालय आउन सकिनँ । म अझै उपचार गर्दै छु । मलाई डा. सरस्वती लिम्बूले जाँच गरिरहनुभएको छ । ज्वरो अझै ठिक भइसकेको छैन । उहाँको भनाइअनुसार मैले अझ १५ दिनसम्म आराम गर्नुपर्छ । त्यसैले बिस दिन बिरामी बिदा स्वीकृत गरिदिनुहुन विनम्र अनुरोध गर्छु ।

अभिभावकको दस्तखत :

आज्ञाकारी छात्र

रामनारायण थारु

कक्षा ५

रोल नं. ९

## अभ्यास

१. **माथिको निवेदन पढेर कक्षामा सुनाऊ ।**

२. **तलका शब्दहरू शुद्धसँग उच्चारण गर :**

प्रधानाध्यापक, विद्यालय, प्राथमिक, ज्वरो, स्वीकृत, विनम्र

३. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
| --- | --- |
| टाइफाइड | भनेको मान्ने |
| उपचार | नम्र, ज्यादै नरम |
| स्वीकृत | एक प्रकारको सरुवा म्यादी रोग |
| विनम्र | औषधी गर्ने काम |
| आज्ञाकारी | मानिएको, मान्यता दिइएको |

४. **तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :**

निवेदन, जानकारी, ज्वरो, आराम, अनुरोध, उपचार

५. **उत्तर लेख :**

(क) माथिको निवेदन कुन विषयमा लेखिएको छ ?

(ख) निवेदन कसले कसलाई लेखेको हो ?

(ग) रामनारायण विद्यालय आउन किन नसकेको रहेछ ?

(घ) निवेदन लेख्दा छुटाउन नहुने कुराहरू के के हुन् ?

६. **मामाको विवाहमा मामाघर जानुपरेको कारण जनाई तिन दिनको बिदा माग गरी आफ्नो विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख ।**

७. विद्यालयमा सरसफाइको व्यवस्था मिलाउन आफ्नो विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख ।

८. तलको निमन्त्रणा पढेर उत्तर देऊ :

शुभ विवाह

⌘ **निमन्त्रणा** ⌘

हाम्रा आयुष्मान् सुपुत्र डा.राजेश बराइलीको श्रीमान् विक्रम नेपाली तथा धनसरा नेपालीकी सुपुत्री मञ्जु नेपालीका साथ सुसम्पन्न हुने शुभविवाह कार्यक्रममा उपस्थित भई वरबधूलाई आशीर्वाद प्रदान गर्नुहुन हार्दिक निमन्त्रणा गर्दछौँ ।

**वैवाहिक कार्यक्रम**

स्थान : कुशेश्वर महादेव स्थान, दुम्जा, सिन्धुली

मिति : २०७२ फागुन २९ गते, शनिबार

समय : दिउँसो १:३० बजे

**प्रार्थी**

गोपाल बराइली

कोपिला बराइली

प्रश्नहरू

(क) कसको छोराको विवाह हुँदै छ ?

(ख) मञ्जु नेपाली कसकी छोरी हुन् ?

(ग) विवाह कुन स्थानमा हुँदै छ ?

(घ) ककसका बिच विवाह हुँदै छ ?

९. माथिको निमन्त्रणा पढेर तिम्रा दाजु, दिदी वा अरू कसैको विवाहका लागि निमन्त्रणा पत्र तयार पार ।

१०. कसैको आवाज वा कामको तरिकालाई नक्कल गरेर बनाइएका शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । तलको कोठेपद हेर र त्यहाँबाट अनुकरणात्मक शब्द खोजेर लेख :

जस्तै: टप्प

| | | | | | |
|---|---|---|---|---|---|
| मु | सु | क्क | झ्र | ट्ट | भु |
| प्या | ट्ट | जु | ल्याँ | धु | र्र |
| फु | त्त | रु | स्स | रु | ढ |
| रु | सुँ | क्क | ट | धु | क |
| क्क | म | क्ख | प्प | रु | म |
| चु | र्लु | म्म | भु | तु | क्क |

११. गएको शनिबार बिहानदेखि बेलुकासम्म तिमीले के के गर्‍यौ, क्रम मिलाएर लेख :

बिहान ६ बजे उठेँ ।

बिहान ७ बजे ........................

बिहान ८ बजे ........................

# १६ देशको माटो

कृष्ण प्रसाद पराजुली

देशको माटो सिर्जनाले भर्न सके हुन्थ्यो
छातीभरि न्यानो माया छर्न सके हुन्थ्यो !
माटोसँगै नाता गाँसी बस्ने मन भयो
घामपानीमा जीवन सधैँ अर्पण भइरह्यो
केही गर्न सके जस्तो छैन अझै पनि
नीदले छोप्ला भनी डर लाग्छ छायामनि
धर्तीलाई उज्यालोमा हेर्न सके हुन्थ्यो
देशको माटो सिर्जनाले भर्न सके हुन्थ्यो !
घामको झुल्को टिप्तै जाँदा भित्र धेरै ठुँग्यो
त्यही ठुँगाइ मेट्ने गीत गाउन सके पुग्यो
हातले थोरै आँसु पुछी जान सके पनि
ओठ ओठमा रङ्ग चढाई सफल बन्थ्यो जुनी
मृत्युलाई हाँसी हाँसी बर्न सके हुन्थ्यो
देशको माटो सिर्जनाले भर्न सके हुन्थ्यो !



## अभ्यास

१. 'देशको माटो' कविता लयमा गाएर सुनाऊ ।

२. तलका शब्दहरू शुद्धसँग उच्चारण गर :

| | | |
|---|---|---|
| सिर्जना | अर्पण | झुल्को |
| नाता | धरती | ठुँग्नु |
| रङ | मृत्यु | भेट्नु |

३. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| सिर्जना | मान्नु |
| अर्पण | निद्रा |
| नीद | दिने वा चढाउने काम |
| ठुँग्नु | रचना |
| बर्नु | चराका चुच्चाले घोपे झैँ गरी बिझ्नु |

४. उत्तर भन :

(क) छातीभरि केको माया छर्न सके हुन्थ्यो ?

(ख) कविलाई किन डर लाग्छ ?

(ग) कविलाई कस्तो गीत गाउन मन लाग्यो ?

(घ) कविका अनुसार जुनी कसरी सफल हुन्छ ?

(ङ) कवि मृत्युलाई कसरी स्वीकार्न चाहन्छन् ?

५. तलका वाक्यांशलाई वाक्यमा प्रयोग गर :

देशको माटो, घामको झुल्को, ओठको हाँसो

६. **अर्थ लेख :**

हातले थोरै आँसु पुछी जान सके पनि
ओठ ओठमा रङ्ग चढाई सफल बन्थ्यो जुनी

७. **तलका प्रश्नहरूको उत्तर देऊ :**

(क) कविताका आधारमा कविका इच्छाहरू क्रमैसँग लेख ।

(ख) अझै पनि केही गर्न सके जस्तो छैन भनेर कविले किन भनेका हुन् ?

(ग) कविको विचारमा जीवन सफल बनाउने तरिकाहरू के के हुन् ?

८. **कुन शब्दसँग कुन मिल्छ, जोडा मिलाऊ :**

| (क) | (ख) |
|---|---|
| घाम | थोपो |
| साग | झरो |
| भात | झुल्को |
| पानी | चिरा |
| अचार | घेरो |
| नुन | त्यान्द्रो |
| सुपारी | चोइटो |
| काठ | पित्को |
| काँक्रो | ढिको |
| | टुक्रो, कुड्को |
| | सितो |

९. **'... सके हुन्थ्यो' प्रयोग गरी पाँच ओटा वाक्य बनाऊ । जस्तै :**

**म प्रथम हुन सके हुन्थ्यो ।**

१०. तलका शब्दहरूको उल्टो अर्थ आउने शब्द लेख :

| उदाहरण | देश | विदेश |
|---|---|---|

| | | | |
|---|---|---|---|
| देश | न्यानो माया | डर | छाया |
| धरती | उज्यालो | आँसु | मृत्यु |

११. तलको शुभकामना पढ र तिमी पनि अर्को यस्तै शुभकामना तयार पार :

**शुभकामना**

यस विद्यालयकी पूर्व विद्यार्थी प्रकृति मिश्रले स्नातक तहको परीक्षामा सर्वप्रथम भई नेपाल विद्याभूषण पदक प्राप्त गरेकामा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

प्रधानाध्यापक
तथा
जनता आधारभूत विद्यालय परिवार
दमौली, तनहुँ

१२. पाठको चित्र हेरेर त्यसका बारेमा एक अनुच्छेद लेख ।

# १७ सबैभन्दा ठुला भक्त

देवर्षि नारद हरबखत विष्णुको नाम जपिरहन्थे । उनको मुखबाट 'नारायण' 'नारायण' निस्किरहन्थ्यो । यो शब्द उनको मुखैमा झुन्डिएको थियो । एक दिन नारदले विचार गरे, "म रातदिन विष्णुको नाम जप्छु । उनकै महिमा गाउँछु । मैले आफ्नो जीवन यसैमा बिताएको छु । मभन्दा ठुलो भक्त अरू को हुन सक्छ र ? तर म यो कुरा विष्णुकै मुखबाट सुन्न चाहन्छु ।"



यति विचार गरेर 'नारायण... नारायण'... भन्दै नारद वैकुण्ठ पुगे । वैकुण्ठमा विष्णुले नारदको स्वागत गरे । उनले नारदलाई त्यहाँ आउनाको कारण सोधे । नारदले भने, "भगवान् ! एउटा प्रश्नको सम्बन्धमा मेरो मनमा ज्यादै खुलदुली

छ । त्यसैको समाधानका लागि हजुरकहाँ आएको हुँ।"



विष्णुले भने, "देवर्षि तिमी के सोध्न आएका हौ भन्ने कुरा मलाई थाहा छ, तैपनि म त्यो प्रश्न तिम्रै मुखबाट सुन्न चाहन्छु ।"

दुवै हात जोड्दै नारदले विष्णुसँग भने, "भगवान् ! म हरक्षण हजुरको नाम जप्छु, हजुरको कीर्तन गर्छु, हजुरप्रति मजत्तिको समर्पित अरू को हुन सक्छ र !"

"यस प्रश्नको उत्तर खोज्न तिमी मसँग पृथ्वीमा जानुपर्छ ।" विष्णुले भने ।

साँझ पर्न लागिसकेको थियो । विष्णु र नारद दुवैले आ-आफ्नो भेष बदलेर किसानको रूप लिए । पृथ्वीमा आइपुगेपछि एउटा छाप्रातिर सङ्केत गर्दै विष्णुले भने,"त्यस जङ्गलको छेउकै छाप्रामा मेरा सबभन्दा ठुला भक्त बस्छन् ।"

"मभन्दा बढी भक्ति गर्ने को रहेछ, म पनि जानिराखुँ न भगवान् ! के म जस्तै गरी त्यो किसान पनि हजुरलाई हरक्षण सम्झिरहन्छ त ?" नारद विष्णुलाई प्रश्न गर्न थाले ।

"धैर्य राख, नारद ! तिम्रो प्रश्नको उत्तर तिमी नै भेट्टाउने छौ ।" विष्णुले भने ।

भेष बदलेका विष्णु र नारद किसानको छाप्रामा पुगे । कृषक 'हरि... हरि... गोविन्द ...' भन्दै गोरुलाई किलामा बाँध्दै थियो । उनीहरूलाई आफ्नो अगाडि उभिएको देखेर किसानले भने, "तपाईँहरू कहाँबाट आउनुभएको हो ? म तपाईँहरूका लागि के गर्न सक्छु ?"

विष्णुले भने, "हामी सहर जान भनी हिँडेका हौँ । आउँदाआउँदै झमक्क साँझ परिहाल्यो । अँध्यारो भएपछि यहाँ जङ्गली जनावरको बिगबिगी हुन्छ । त्यसैले एक रातका निम्ति बास पाइन्छ कि ?"

किसानले खुसी हुँदै भन्यो, "अहो ! मेरो अहोभाग्य, भगवान्को जय होस् तपाईँहरूलाई मेरो छाप्रामा स्वागत छ ।"

उसले आफ्नी पत्नीलाई पाहुनाहरूका निम्ति पनि खाना पकाउन लगायो । उनीहरूको घरमा अलिकति पिठोबाहेक केही थिएन । केटाकेटीहरू पनि भोक लाग्यो भनेर कराइरहेका थिए । किसानले पत्नीसँग भन्यो, “पाहुनाहरूलाई पहिले तृप्त गराऊ । बच्चाहरूलाई खोले खान दिए पनि हुन्छ ।”



विष्णु र नारद रोटी खान थाले । भए जति सबै रोटी सकियो तर उनीहरूको भोक मेटिएन । उनीहरूले खोले पनि खाए । यो देखेर कृषकका छोराले बाबुसित भन्यो, “तपाईंले हामीलाई खान नदिएर पाहुनाहरूलाई किन दिएको ?”

कृषकले जवाफ दियो, “पाहुना भनेका भगवान् हुन् बाबु । पाहुनाहरूलाई तृप्त गराउँदा भगवान्लाई नै तृप्त गराए सरह हुन्छ ।”

अर्को दिन बिहान,

“हरि... हरि... गोविन्द... प्रभु । हजुरप्रति मेरो विश्वास सधैं अटल रहोस् ।

मलाई अरू थोक केही चाहिँदैन ।" यति भन्दै कृषक आफ्नो दिनचर्या सुरु गर्न थाल्यो । त्यति नै वेला विष्णु र नारद पनि त्यहीँ आइपुगे । गोरुलाई घाँस हाल्दै कृषकले भन्यो, "जुन हरिले संसार चलाइरहेछन्, उनको जय होस् भगवान् सधैँ खुसी होऊन् ।"

अनि ऊ पाहुनाहरूतिर फर्किंदै भन्न थाल्यो, "तपाईँहरू हिजो राति राम्रोसँग सुत्न सक्नुभयो कि भएन ? तपाईँहरू मन लागेसम्म यहाँ बस्न सक्नुहुन्छ । अहिले म आफ्नो खेततिर लागूँ कि ?"

"हामी पनि तपाईँसँग खेतमा जान सक्छौँ ?" विष्णुले कृषकसँग सोधे । कृषकको स्वीकृतिपछि तिनै जना खेततिर लागे । खेतमा पुगेपछि नारद र कृषक कुरा गर्न थाले ।

किसान : हरि... हरि... गोविन्द ।

नारद : तपाईँ त भगवान्को निकै महिमा गाउनु हुँदो रहेछ । के तपाईँ भगवान्का ठुला भक्त हुनुहुन्छ ? के तपाईँ भगवान्को नाम लिइरहनुहुन्छ ?



किसान : मौका मिलेसम्म म भगवान्को नाम लिन्छु । म भक्त हुँ कि होइन मलाई केही थाहा छैन ।

नारद : भगवान्को नाम लिने काम तपाईँ दिनको कति पटक गर्नुहुन्छ ?

किसान : म हरिलाई बिहान उठ्नेबित्तिकै, राति सुत्नुभन्दा अगाडि र दिनमा केही पटक सम्झन्छु ।

नारद : त्यो त मैले थाहा पाएँ ।

त्यसपछि कृषकसँग बिदा भई विष्णु र नारद आफ्नो बाटातिर लागे । निकै बेर हिँडेपछि उनीहरू एउटा पहाडको फेदीमा पुगे र विश्राम गर्न भनी अडिए ।

"किसान कसरी सबभन्दा ठुलो भक्त भयो ?" यही प्रश्न नारदको मनमा खेलिरहेको थियो । विष्णुसँग आफ्नो प्रश्न राख्दै नारदले भने, "त्यस कृषकले हजुरलाई बिहान, बेलुका र दिनमा केही पटक सम्झन्छ । म भने हजुरलाई हरेक क्षण सम्झिरहन्छु । हजुर त्यस किसानलाई ठुलो भक्तहरूमध्येका एक भक्त भन्नुहुन्छ । त्यसको कारण के होला ?"

विष्णुले भने, "त्यसको कारण तिमी छिटै थाहा पाउने छौ, नारद ।"

विष्णुले नारदलाई पानी भरिएको एउटा घैँटो दिए । घैँटाको मुखमा पानी टिलपिल टिलपिल थियो । विष्णुले नारदलाई भने,

"नारद, घैँटालाई टाउकामाथि राखेर तिमी बिस्तारै यो पहाड चढ । घैँटाको एक थोपा पानी पनि नचुहाई पहाडको टुप्पामा पुगी तिमी यहाँ फर्कनुपर्छ ।"

"भगवान्, यो काम त्यति सजिलो छैन तापनि हजुरको कृपा प्राप्त भएपछि जस्तोसुकै काम पनि गर्न सकिन्छ ।" यति भन्दै नारद पहाडतिर लागे ।

उकालो चढ्दा कतै गोडामा ठेस लाग्थ्यो । कतै गोडा चिप्लिन खोज्थे । घैँटाको पानी छचल्किएर पोखिएला भनेर नारद एकदम सजग थिए । आफ्नो काम पूरा गरी नारद फर्केर आए र हात जोडी विष्णुको अगाडि उभिए । विष्णुले भने, "तिमी सफल बनेर फर्क्यौ तर पहाड चढेर फेदीमा आइपुगुन्जेल तिमीले मलाई कतिचोटि सम्झ्यौ त ।" नारदले भने, "पानी छचल्किएर पोखिएला कि भनेर म होसियार थिएँ । मेरो ध्यान घैँटो र पानीमा मात्र थियो । त्यसैले त्यतिन्जेल मैले हजुरलाई एकचोटि पनि सम्झिन सकिनँ ।" विष्णुले भने, "त्यो कृषक कडा परिश्रम गर्छ तैपनि ऊ मलाई वेलावेलामा सम्झिरहन्छ । उकालो ओरालो गर्दा तिमीले त मलाई एकपल्ट पनि सम्झेनौ ।" विष्णुको अगाडि नारद नतमस्तक भए । दुवै हात जोडी उनले विष्णुसँग बिन्ती गरे, "प्रभु मैले हजुरको कुरा बुझेँ । जसले सांसारिक झमेलामा पनि हजुरलाई सम्झिन सक्छ, त्यो नै हजुरको सबैभन्दा ठुलो भक्त हो ।"

## अभ्यास

१. शिक्षकले भनेको सुन र भन :

देवर्षि, नारायण, वैकुण्ठ, स्वागत, प्रश्न कीर्तन, समर्पित, तृप्त, कृपा

२ एक जना नारद र एक जना विष्णु बनी 'सबभन्दा ठुला भक्त' कथा पालै पालो पढेर सुनाऊ :

३ शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| खुलदुली | शिर झुकाउने काम |
| समर्पित | दैनिक रूपमा गरिने काम |
| भेष बदल्नु | चहलपहल |
| बिगबिगी | अरूले चिन्न नसक्ने हुनु |
| अहोभाग्य | स्वास्नी |
| पत्नी | आराम |
| तृप्त | चढाइएको |
| दिनचर्या | होसियार |
| विश्राम | खलबली |
| सजग | सन्तुष्ट |
| नतमस्तक | ठुलो भाग्य |

४. **उत्तर भन :**

(क) नारद सधैँ कसको नाम जप्थे ?

(ख) नारदले के विचार गरे ?

(ग) नारद किन वैकुण्ठ गएका हुन् ?

(घ) उत्तर खोज्न नारदले कहाँ जानुपर्‍यो ?

(ङ) भेष बदलेका विष्णु र नारद कहाँ पुगे ?

(च) नारदले किन विष्णुलाई एकचोटि पनि सम्झन सकेनन् ?

५. **सच्याएर कापीमा सार :**

भक्‌त, पिर्‌थिवी, किशान, दिनचर्‌या, घँइतो, किर्‌पा, सम्‌झीन

६. **शिक्षकबाट तलको अनुच्छेद सुन र कापीमा लेख :**

"उकालो चढ्दा कतै गोडामा ठेस लाग्थ्यो । कतै गोडा चिप्लिन खोज्थे । घैँटाको पानी छचल्किएर पोखिएला भनेर नारद एकदम सजग थिए । आफ्नो काम पुरा गरी नारद फर्केर आए र हात जोडी विष्णुको अगाडि उभिए । विष्णुले भने, तिमी सफल बनेर फर्क्यौ । तर पहाड चढेर फेदीमा आइपुगुन्जेल तिमीले मलाई कतिचोटि सम्झ्यौ त ?"

७. **उदाहरणमा दिइए जस्तै एउटै शब्द लेख :**

उदाहरण :

पाप गर्ने – पापी

धेरै कुरा गर्ने – कुरौटे

(क) धेरै जाँड खाने –

(ख) धेरै खाने –

(ग) पिपलको जस्तो पात भएको –

(घ) चन्द्रमा जस्तो मुख भएको –

(ङ) लामो पुच्छर भएको –

८. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

| | | | | |
|---|---|---|---|---|
| समाधान | हरक्षण | छाप्रो | पाहुना | अँध्यारो |
| सङ्केत | टुप्पो | कीर्तन | एकचोटि | |

९. पढ, बुझ र वाक्यमा प्रयोग गर :

मुखैमा झुन्डिनु

मनमा कुरा खेल्नु

झमक्क हुनु

बिगबिगी हुनु

टिलपिल हुनु

छताछुल्ल हुनु

१० कसले कसलाई भनेको हो, लेख :

(क) समाधानका लागि हजुरकहाँ आएको हुँ ।

(ख) म त्यो प्रश्न तिम्रै मुखबाट सुन्न चाहन्छु ।

(ग) तपाईंहरूलाई मेरो छाप्रामा स्वागत छ ।

(घ) हामीलाई खान नदिएर पाहुनालाई किन दिएको ?

(ङ) त्यसको कारण छिट्टै थाहा पाउने छौ ।

११. **तलका प्रश्नको जवाफ लेख :**

(क) नारदको मनमा के खुलदुली भयो ?

(ख) नारदले विष्णुसँग पृथ्वीमा किन जानुपर्‍यो ?

(ग) किसानले कसरी विष्णु र नारदको स्वागत गर्‍यो ?

(घ) विष्णुले नारदको परीक्षा कसरी लिए ?

(ङ) कसरी किसान नारदभन्दा ठुलो भक्त ठहरियो ?

१२. **तलका वाक्यको आशय लेखी शिक्षकलाई देखाऊ :**

(क) पाहुना भनेका भगवान् हुन्, बाबु ।

(ख) मौका मिलेसम्म म भगवान्को नाम लिन्छु । म भक्त हुँ कि होइन मलाई थाहा छैन ।

(ग) जसले सांसारिक झमेलामा पनि हजुरलाई सम्झिन सक्छ, त्यो नै हजुरको सबैभन्दा ठुलो भक्त हो ।

१३. **'सबैभन्दा ठुला भक्त' कथा राम्ररी पढ र त्यो कथा छोटकरीमा लेख ।**

१४. **खाली ठाउँमा तल दिइएका मिल्ने शब्द भर :**

सिध्याएछ, रहेछ, खाइदिएछ, हिँडिसकेछ,

भागे छ, निदाएछ, पठाएछ, लेखेछन्

(क) उसले त सबै भात .......... ।

(ख) सोनामले सबै पैसा .......... ।

(ग) म पुग्दा त ऊ .......... ।

(घ) रामले एकैचोटि दुइटा चिठी .......... ।

(ङ) त्यो केटो त .......... ।

(च) ऊ त भुसुक्क .......... ।

(छ) छिरिङका साथीहरूले थुप्रै कविता .......... ।

१५. **विभिन्न संस्कृति झल्काउने केही शब्दहरू तल दिइएका छन्, ती शब्दहरू प्रयोग गरी वाक्य बनाऊ :**

| | | | |
|---|---|---|---|
| मन्दिर | भगवान् | परम्परा | पाहुना |
| पूजा | पाठ | मस्जिद | दसैँ |
| तिहार | भेष | रथ | हज |
| ल्होसार | इद | चर्च | |

१६. **वाक्यहरू सच्याई लेख :**

हिँड्दा हिँड्दै उनिहरू पहारका तुप्पामा पुग्यो ? टलटिर हेर्दा उसको मुटु धुकधुक भयो । तलबाट एउटा मान्छे माथि उक्लिरहनुभएको थियो । त्यो मान्छे अरू कोही वैन उहाँहरू कै साथी थियो । म पनि त्यही मान्छेको पछारी पछारी गइरहे ।

# १८ परीक्षाको तयारी

(विद्यालयमा परीक्षा चलिरहेको छ । सलमा र सरोज आपसमा कुराकानी गर्दै छन् । उनीहरूको कुराकानी हामी पनि सुनौँ :)

सलमा : ए सरोज, तिमीले भोलिको परीक्षाका लागि कति तयारी गऱ्यौ ?

सरोज : खै, के तयारी गर्नु ! सबै पाठ त पढिसकेँ तर परीक्षामा लेख्न सकिने हो कि होइन ।

सलमा : पढ्न त मैले पनि सबै पाठ पढेँ । जाँचमा कस्ता प्रश्न सोधिने हुन्, डर लागेको छ ।

सरोज : आ... जस्तासुकै प्रश्न आऊन् । आफूले सबै विषयवस्तुमा राम्ररी तयारी गरेपछि केको डर । बरु यसो गरौँ न, म एक दुई ओटा प्रश्न सोध्छु, तिमी तिनका उत्तर देऊ । त्यसै गरी तिमी पनि मलाई प्रश्न सोध, म उत्तर दिने प्रयास गर्छु ।




सलमा : तिमीले एकदम राम्रो कुरा गऱ्यौ । ल, म एउटा प्रश्न सोध्छु, तिमी त्यसको जवाफ देऊ । दुध र दुधबाट बन्ने परिकारका बारेमा बताऊ ।

सरोज : तिमीले त कस्तो सजिलो प्रश्न गऱ्यौ । अँ... दुध पेय पदार्थ हो । यसले मानव शरीरको वृद्धि र विकास गर्छ । यसमा चिल्लो पदार्थ, खनिज, प्रोटिन, भिटामिन पाइन्छ । दुधबाट दही, मोही, नौनी, खुवा, पनिर आदि बनाइन्छ ।

सलमा : तिमीले त पूरै तयारी गरेछौ । कस्तो राम्रो उत्तर दियौ तिमीले

त । खै, मलाई त आउँछ कि आउँदैन । तैपनि सोधी हेर त कुनै प्रश्न ?

**सरोज** : तिमीले दुधबारे प्रश्न गऱ्यौ । म सागपातबारे प्रश्न गर्छु । ल भन, सागपातमा के के पाइन्छ ? अनि कुन कुन सागपात हामीले खानुपर्छ ?

**सलमा** : ए, यो त सजिलै छ नि ! हरिया सागपातमा भिटामिन, क्याल्सियम, फलाम आदि पाइन्छ । सागपात भनेको पोषणको भण्डार हो । रायो, चम्सुर, पालुङ्गो, मेथी, धनियाँ, बन्दा  आदि सागपात हामीले खानुपर्छ ।

**सरोज** : ओहो ! तिमीले पनि त कस्तो राम्रो जवाफ दियौ नि । ल, अब तिमी मलाई अर्को प्रश्न सोध त ।

**सलमा** : अँ... स्वस्थ रहन कुन कुन कुरामा ध्यान दिनुपर्छ, ल भन त ।

**सरोज** : यो त झन् सजिलो छ । स्वस्थ रहन हामीले आफ्नो व्यक्तिगत सरसफाइ गर्नुपर्छ । त्यस्तै हाम्रो वरपरको वातावरण स्वच्छ राख्नुपर्छ । अनि पोसिला तत्त्व भएका खानेकुरा प्रशस्त मात्रामा खानुपर्छ ।





**सलमा** : पख, म पनि अरू केही थप भन्छु है । हामीले व्यायाम गर्नुपर्छ । प्रशस्त आराम पनि गर्नुपर्छ ।



**सरोज** : जे होस्, तिमीले पनि बाँकी कुराहरूको राम्रै जवाफ दियौ ।

सलमा : अब तिमी एउटा प्रश्न सोध त सरोज, त्यसको उत्तर पनि म राम्रैसँग दिने प्रयास गर्छु ।

सरोज : मानिसको स्वास्थ्यलाई हानि गर्ने कुरा के के हुन् ?

सलमा : हेर, धेरै मात्रामा चिया, कफी खानु हुँदैन । जाँडरक्सीले त झन् बढी हानि गर्छ । यी चिजहरूको सेवन गर्नाले हामीलाई हानि हुन्छ ।

सरोज : धूमपानले पनि त मानिसको स्वास्थ्यलाई निकै असर गर्छ, होइन र ?

सलमा : तिमीले ठिक भन्यौ, धूमपानले हाम्रो स्वास्थ्यलाई नराम्रो असर गर्छ । सुर्ती, चुरोट, खैनी सेवन गर्ने बानी लागे छुटाउन गारो हुन्छ । यस्ता पदार्थ सेवन गर्नुहुँदैन । कसैले कर गरेमा टाढै बस्नुपर्छ । यसका साथै नसालु पदार्थको सेवनले हाम्रो मानसिक स्वास्थ्यलाई समेत विशेष रूपले हानि गर्छ । हामीले नसालु पदार्थ सेवन गर्नेलाई पनि त्यसो नगर्न सम्झाउनुपर्छ ।

सरोज : सलमा, तिमीलाई त हरेक विषयमा राम्रो जानकारी छ । परीक्षाको तयारी यस्तै राम्रोसँग गर्न सके अझ बेस हुन्छ, होइन ?

सलमा : हुन त हो तर पढेर मात्र परीक्षा पास गर्न सकिँदैन । लेख्ने बानी पनि गर्नुपर्छ । तिमी त मैले सोधेका सबै प्रश्नका उत्तर दिन सक्छौ । मलाई लेख्न त्यति आउँदैन ।

सरोज : होला ! मैले सोधेका सबै प्रश्नको उत्तर भनेकी होइनौ तिमीले ?

सलमा : तिमीले पनि त जम्मै प्रश्नका उत्तर दियौ नि ।

सरोज : ल अब जाऊँ है त । भोलि परीक्षा भवनमै भेटौँला ल ।

सलमा : हुन्छ, भोलि उतै भेटौँला । तिम्रो परीक्षा राम्रो होओस्, मेरो शुभकामना ।

सरोज : तिमीलाई पनि मेरो शुभकामना ।

(दुवै आआफ्नो बाटो लाग्छन् ।)

## अभ्यास

१. **सुन र भन :**

विद्यालय, स्वास्थ्य, गऱ्यो, जाँच, क्यालिसयम, पौष्टिक तत्त्व

२. **सलमा र सरोज बनी माथिको पाठ पालैपालो पढेर सुनाऊ ।**

३. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| पेय पदार्थ | मानिस |
| मानव | पिइने चिज |
| खनिज | पोषक तत्त्व |
| भिटामिन | खानीभित्रको |
| तरल | शरीरलाई तागत दिने तत्त्व |
| प्रोटिन | औषधी आदि खाने काम |
| क्यालिसयम | झोल |
| सेवन | हाड बलियो पार्ने तत्त्व |

४. **तलका खाली ठाउँमा मिल्दा शब्द भर :**

नि क्यारे पो त ब्यारे

आज तिम्रा बुबा घर आउनुहुन्न ......... । तिमी एक्लै ......... पर्ने भयौ, तर तिमी डराउनुपर्दैन ......... । तिमीलाई साथी चाहिए हामी छँदै छौँ ......... । हामी छौँ भनेर नै तिम्रा बुबा नआउनुभएको हो ..........।

५. **तलका प्रश्नहरूको उत्तर लेख :**

(क) दुधबाट बन्ने परिकार के के हुन् ?

(ख) सागपातमा के के पाइन्छ ?

(ग) हामीले सागपात किन खानुपर्छ ?

(घ) व्यक्तिगत सरसफाइ भनेको के हो ?

(ङ) के के कुराले मानिसको स्वास्थ्यमा हानि पुऱ्याउँछ ?

६. तलका शब्द सच्याएर सार :

हानी, स्वस्थ्य, स्वास्थ, दुद, भोली, बिसयबस्तु

७. उदाहरण हेरी एउटै अर्थ दिने विभिन्न शब्द लेख :

| | | | |
|---|---|---|---|
| उदाहरण | मानव | – | मान्छे, मानिस |

(क) चाँडै –

(ख) ज्यादै –

(ग) अलग –

(घ) महिला –

(ङ) पुरुष –

(च) भिड –

८. उदाहरण हेरी वाक्य परिवर्तन गर :

| | |
|---|---|
| उदाहरण | रामले काम गरेछ । सीताले काम गरिछ । |

(क) भाइले गीत गाएछ ।

(ख) केटाले रुख रोपेछ ।

(ग) भाइले किताब पढेछ ।

(घ) उसले बत्ती निभाएछ ।

(ङ) सीताले गाजल लाइछ ।

९. तालिकाबाट वाक्यहरू बनाऊ :

| | | | |
|---|---|---|---|
| कस्ता | फलफूल<br>सागपात | ल्याइने<br>काटिने<br>खाइने<br>बेचिने<br>टिपिने | हुन् ? |

१०. उदाहरणमा दिइए जस्तै गरी वाक्यलाई बदल :

| | |
|---|---|
| उदाहरण | म प्रश्न सोध्छु, तिमी उत्तर देऊ ।<br>तिमी प्रश्न सोध, म उत्तर दिन्छु । |

(क) म गीत गाउँछु, तिमी मादल बजाऊ ।

(ख) तँ रेडियो खोल्, म गीत सार्छु ।

(ग) तपाईं अम्बा झार्नुहोस्, म डालो थाप्छु ।

(घ) तिमी बिरुवा रोप, हामी गोडमेल गर्छौं ।

(ङ) म सलाई कोर्छु, उनी धूप बाल्छन् ।

११. वाक्यमा प्रयोग गर :

| | | | |
|---|---|---|---|
| स्वस्थ | स्वास्थ्य | परीक्षा | जानकारी |
| खाद्यय | खनिज | प्रोटिन | भिटामिन |
| तरल | क्याल्सियम | सागपात | वृद्धि |
| शरीर | भण्डार | पौष्टिक | व्यायाम |

१२. दुध र सागपातबाट के के फाइदा हुन्छ, एक अनुच्छेदमा लेख ।

१३. आफूले गरेको शैक्षिक भ्रमणलाई आधार मानेर संवाद लेखी शिक्षकलाई देखाऊ ।

# १९ नर्सको जीवन

तिमीहरूले अस्पतालमा सेतो कमिज, साडी र एक किसिमको टोपी लगाएका महिलाहरूलाई देखेका छौ ? कोही कोही त त्यसमाथि सेतो कोट पनि लगाउँछन् । कसैले सेतो कुर्ता सुरुवाल लगाएका हुन्छन् । तिनीहरू बिरामीको हेरविचार गर्छन्, औषधी दिन्छन् । ती को होलान् ? हो, ती नर्स हुन् । नर्सहरू धेरैजसो महिला नै हुन्छन् ।



नर्सहरू आआफ्नो समयमा काम गर्छन् । अस्पतालमा कुन कुन समय काम गर्ने भनी पालो बाँडिएको हुन्छ । साधारणतया बिहान, अपराह्न र रातिको पालो हुन्छ । बिहानको पालो छ भने सबेरै अस्पताल पुग्नुपर्छ । अपराह्नसम्म काम गरेपछि आफ्नो पालो अर्को साथीलाई बुझाउनुपर्छ । त्यस्तै अपराह्नमा पालो परेको नर्सले साँझ अर्को साथीलाई पालो बुझाउनुपर्छ । रातिको पालो बुझेको नर्सले भोलिपल्ट बिहान अर्को साथी नआएसम्म काम गर्नुपर्छ ।

अस्पतालमा रहँदा नर्सले धेरै काम गर्नुपर्छ । उनीहरू बिरामीको तापक्रम लिन्छन् । औषधी बनाउने र खुवाउने काम गर्छन् । उनीहरू बिरामीलाई सुई दिने काम पनि गर्छन् । बिरामी पनि धेरै किसिमका हुन्छन् । कोही दुखाइले चिच्याउँछन् भने कोही हँ हँ गरेर आफ्नो पीडा व्यक्त गर्छन् । धेरै बढी दुख्ने खालका रोगी त ऐय्या बाबा मरेँ नि ! भन्दै चर्को स्वरमा पनि चिच्याउँछन् । कोहीमा भने त्यस्तो चिच्याउने तागत पनि हुँदैन ।



नर्सहरूले बिरामी जाँच्न आउँदा डाक्टरलाई पनि सघाउनुपर्छ । हरेक बिरामीको के कस्तो अवस्था छ, त्यो कुरा डाक्टरलाई जानकारी गराउने काम पनि नर्सकै हो ।

शल्यक्रिया गर्दा पनि नर्सले डाक्टरलाई सघाउनुपर्छ । यो ज्यादै महत्त्पूर्ण काम हो । यति वेला खुब होसियार भएर डाक्टरलाई सघाउनुपर्छ ।

मानव सेवाका लागि नर्सको ठुलो योगदान छ । बिरामीलाई कसरी सजिलो हुन्छ, के गरे बिरामी चाँडै निको हुन्छन् भन्ने कुरामा उनीहरू सचेत हुन्छन् । उनीहरूको  हँसिलो अनुहार र राम्रो व्यवहारले बिरामीलाई निकै फाइदा पुगेको हुन्छ । कुनै बिरामी निको भएर घर फर्कंदा नर्सहरू ज्यादै खुसी हुन्छन् ।

सबै मानिस नर्स हुन सक्दैनन् । नर्स हुन चाहनेले सोही विषय लिएर अध्ययन गर्नुपर्छ । यो विषय अध्ययन गर्दा विभिन्न अस्पतालमा गई बिरामीहरूलाई कसरी हेरविचार गर्ने भनी सिकाइन्छ । बच्चाहरूलाई कसरी हेरविचार गर्ने भन्ने सम्बन्धमा बाल अस्पतालमा गई सिकाइन्छ । त्यस्तै सुत्केरी गराउने सम्बन्धमा सिक्न प्रसूति गृहमा लगी उनीहरूलाई तालिम दिइन्छ । रोगैपिच्छे सम्बन्धित ठाउँमा लगी उपचार गर्ने विधि सिकाइन्छ ।

तिमीहरूले फ्लोरेन्स नाइटिङ्गेलको नाम सुनेका हौला । उनी संसारकै पहिलो नर्स हुन् । नर्स भएर सेवा गर्ने भावना उनैले बाँडेकी हुन् । नर्सको जीवन पनि सेवामा समर्पित हुन्छ । सेवा नै मानव धर्म हो भन्ने भावना नर्सहरूमा पाइन्छ ।

## अभ्यास

१. **सुन र भन :**

अस्पताल, औषधी, कम्मरपेटी, सुत्केरी, प्रसूति

२. **शुद्ध पारेर सार :**

वीरामि, महत्वपुर्न होशियार जिबन, फलोरन्श, नाइटीङ्गेल

३. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
|---|---|
| नर्स | चिरफार गर्ने काम, अपरेसन |
| अपराह्न | सुत्केरी गराउने घर |
| तापक्रम लिनु | तरिका |
| शल्यक्रिया | अस्पतालमा बिरामीको हेरविचार गर्ने महिला |
| प्रसूति गृह | ज्वरोको नाप लिने काम |
| विधि | दिउँसो |

४. **उत्तर भन :**

(क) नर्सले कस्तो लुगा लगाउँछन् ?

(ख) नर्सले कसलाई सघाउँछन् ?

(ग) शल्यक्रियामा के गरिन्छ ?

५. **वाक्य बनाऊ :**

| | | | | |
|---|---|---|---|---|
| महिला | नर्स | अपराह्न | तापक्रम | शल्यक्रिया |
| मानव | योगदान | तह | अध्ययन | प्रसूति |

## ६. तलका शब्द पढ र लेख :

अपराह्न मध्याह्न ब्राह्मण

ह्याकुलो ल्हाम्‌ु ह्वास्स

## ७. तलका प्रश्नहरूको उत्तर देऊ :

(क) नर्सको पालो कसरी बाँडिएको हुन्छ ?

(ख) नर्सले गर्ने कामहरू के के हुन् ?

(ग) नर्स कुन वेला बढी खुसी हुन्छन् ?

(घ) नर्सलाई कसरी तालिम दिइन्छ ?

## ८. तालिकाबाट वाक्यहरू बनाऊ :

| | | |
|---|---|---|
| बिरामीहरू<br>रोगीहरू | कराउँदै<br>कन्दै<br>रुँदै<br>चिच्याउँदै | छन् । |

## ९. वाक्यमा शब्दको क्रम मिलाऊ :

(क) तिमीहरू बन्छौ ? नर्स भविष्यमा

(ख) नसुती । उनीहरूले गर्नुपर्छ काम रातभरि

(ग) लैजानुपर्छ बेथा सुत्केरी लागेका महिलालाई । प्रसूति गृहमा

(घ) | रास्रो | अहो | कस्तो | पेसा | नर्सको

(ङ) | गऱ्यो | भने | व्यवहार | राम्रो | हुन्छ
| बिरामी | चाँडै | । | निको

१०. मिल्दो क्रियापद छानी वाक्य पूरा गर :

(क) नर्सले कम्मरमा पेटी ........................................ हुन्छन् ।

(बाँधेका / बाँधिएको / बाँधेकी)

(ख) नर्सको लुगामा नाम लेखेको चिज ................................ हुन्छ ।

(टाँसेको / टाँसिएको / टाँसेका)

११. जति र त्यति थपी पूरा वाक्य बनाऊ :

उदाहरण

तिमी लेख्छौ, म माया गर्छु ।

तिमी जति लेख्छौ, म त्यति माया गर्छु ।

(क) तिमी खान्छौ, म खान सक्दिनँ ।

(ख) ऊ भन्छ, तपाईं दिन सक्नुहुन्न ।

(ग) म भेट्टाउन खोज्छु, ऊ टाढा भाग्छ ।

(घ) अमिलो खायो, छाती पोल्छ ।

१२. नजिकै रहेको अस्पताल वा स्वास्थ्य चौकीमा नर्स भए तिनलाई सोधी वा शिक्षकलाई सोधी नर्सका कामको वर्णन गर ।

१३. तिमी भविष्यमा के बन्न चाहन्छौ, कारणसहित एक अनुच्छेद लेख ।

१४. शिक्षकसँग सोधेर प्राथमिक उपचारका बारेमा एक अनुच्छेद लेख ।

१५. तलको समाचार पढी सोधिएका प्रश्नको उत्तर देऊ :

बार्सिलोनास्थित एउटा कम्पनीले अन्तरिक्षमा पहिलो होटल खोल्ने र सन् २०१२ मा अतिथिका लागि सञ्चालन गरिने जानकारी दिएको छ । यद्यपि द ग्यालाक्टिक सुट स्पेस रिसोर्टको निर्माणका लागि हुने लगानी र समयावधिबारे विभिन्न प्रश्न उठिरहेका छन् ।

उक्त कम्पनीले आफ्नो सो होटलमा दिन रात बस्नका लागि ४४ लाख अमेरिकी डलर लाग्ने र अतिथिलाई त्यहाँ बस्नका लागि आठ हप्ते लामो विशेष तालिम दिइने जनाएको छ । उक्त होटलमा बस्ने अतिथिहरूले प्रतिदिन १५ पटक सूर्योदय हेर्न र प्रत्येक ८० मिनेटमा विश्ववरपर घुम्न पाउने छन् । तिनीहरूले भेल्क्रो नामक विशेष पोसाक लगाई आफ्नो कोठामा घस्रने र भित्तामा स्पाइडरम्यान जस्तै टाँसिन सक्ने छन् । ग्यालाक्टिक सुट लिमिटेडका प्रमुख कार्यकारिणी अधिकृत जेभियर क्लार मोन्टले एक जना अज्ञात अर्बपतिले उक्त होटल परियोजनामा ३ अर्ब अमेरिकी डलर लगानी गर्न तयार भइसकेको जानकारी दिएका छन् ।

साभार : नेपाल समाचारपत्र २०६६।७।१८

(क) अन्तरिक्षमा होटल कहिले खुल्ने छ ?

(ख) त्यस होटलमा एक दिन रात बस्न कति खर्च लाग्छ ?

(ग) त्यहाँबाट कति पटक सूर्योदय हेर्न सकिन्छ ?

(घ) होटलमा बस्ने मानिसले के नामको पोसाक लगाउनुपर्छ ?

(ङ) यो होटल कुन कम्पनीले बनाउन लागेको हो ?

२०

# राष्ट्रिय गौरव

– घटराज भट्टराई

म यौटा फूल हूँ फुल्छु, आगो हूँ बल्छु दन्दनी,
म आफैँ उठ्न चाहन्छु राष्ट्रकै धुक्धुकी बनी
म यौटा वृक्ष हूँ अड्छु अड्नुपर्छ सिकाउँछु
आफ्नै पौरखमा बाँच्छु आफ्नो राष्ट्र बचाउँछु

यौटै जीवित मान्छेले बसाल्छ सिर्जना क्रम,
त्यसै उद्योगमा जुट्छ लाखौँ मानिसको श्रम ।
मुखले बोल्छ, आँखाले देख्छ, छन् हात काममा
प्रेरणा दिन्छ आत्माले के छैन पूर्णता ममा ?



एउटा मान्छे हो राष्ट्र त्यहीँ उर्लन्छ सागर,
चाहिन्छ उसमा किन्तु आँट, साहस, जाँगर
जुटौँ हिम्मतले हामी बगाऔँ पसिना अब
मिलाऔँ, गीतमा भाव चम्कोस् राष्ट्रिय गौरव ।

## अभ्यास

१. 'राष्ट्रिय गौरव' कविता शिक्षकले लयमा गाएको सुन र त्यसैअनुसार गाऊ ।

२. तलका शब्दहरू प्रस्टसँग उच्चारण गर :

राष्ट्र, सिर्जना, उद्योग, पूर्णता, अब

३. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| धुकधुकी | परिश्रम |
| वृक्ष | हौसला |
| पौरख | आँट |
| सिर्जना क्रम | रुख |
| उद्योग | मुटुको चाल, ढुकढुकी |
| श्रम | रचना क्रम |
| प्रेरणा | उत्पादन |
| साहस | पुरुषार्थ |

४. पढ र बुझ :

| | |
|---|---|
| यौटा | एउटा |
| दन्दनी | दनदनी |
| धुक्धुकी | धुकधुकी |
| यौटै | एउटै |
| हूँ | हुँ |

५. **उत्तर भन :**

(क) कवितामा म भनेको को होला ?

(ख) कवितामा म के के हुँ भनिएको छ ?

(ग) कसले सिर्जना क्रमलाई बसाल्न सक्छ ?

(घ) मुख, आँखा, हात र आत्माले मानिसको पूर्णतालाई कसरी जनाउँछन् ?

(ङ) राष्ट्रिय गौरव कसरी बढाउन सकिन्छ ?

६. **कविताबाट शब्दको अन्त्यमा ‘छ ’र ‘छु’ भएका क्रियापद खोजेर लेख ।**

७. **कविताका पङ्क्ति पूरा गर :**

यौटै जीवित मान्छेले .......... .......... ..........

.......... .......... जुट्छ .......... ..........

८. **तलका शब्दलाई वाक्यमा प्रयोग गर :**

आगो, राष्ट्र, जीवित, श्रम,

आत्मा, सागर, जाँगर

९. **उदाहरण हेरेर शब्द बनाऊ :**

| उदाहरण | फुल्छ | फुलोस् |
|---|---|---|

चाहन्छ, अड्छ, बाँच्छ, जुट्छ,

बोल्छ, देख्छ, उर्लन्छ, चम्कन्छ

१०. **पढ, बुझ र सार :**

एउटा मान्छे हो राष्ट्र त्यहीं उर्लन्छ सागर,
चाहिन्छ उसमा किन्तु आँट, साहस, जाँगर
जुटौं हिम्मतले हामी बगाऔं पसिना अब
मिलाऔं गीतमा भाव चम्कोस् राष्ट्रिय गौरव ।

११. **व्याख्या गर :**

मुखले बोल्छ, आँखाले देख्छ, छन् हात काममा
प्रेरणा दिन्छ आत्माले के छैन पूर्णता ममा ?

१२. **उत्तर लेख :**

(क) कविताको म पात्र के के गर्न चाहन्छ ?

(ख) जीवित मानिसले कसरी सिर्जना क्रम बसाल्न सक्छ ?

(ग) एउटै मान्छे कसरी पूर्ण हुन सक्छ ?

(घ) किन मानिसलाई आँट, साहस र जाँगर चाहिन्छ ?

(ङ) किन गीतमा भाव मिलाउनुपर्छ ?

१३. **आदरसूचक वाक्यमा परिवर्तन गर :**

उदाहरण तँ चिठी लेख् ।
तिमी चिठी लेख ।

(क) तँ पाठ पढ् ।

(ख) त्यो गीत गाउँछ ।

(ग) सुमा राम्रोसँग नाच्छे ।

(घ) साथी लेख लेख्छ ।

(ङ) तैँले भात खाइस् ।

(च) रामभरोस मेरो साथी हो ।

१४. **तलका वाक्यमा के मिलेको छैन, पत्ता लगाऊ र मिलाएर लेख :**

(क) रातो कलमहरू किन ।

(ख) उनको साथी आइन् ।

(ग) मेरो आमा शिक्षक हुनुहुन्छ ।

(घ) आफ्नो बहिनीको कसलाई माया लाग्दैन र !

(ङ) हाम्रो साथी आउँछन् ।

१५. तलका खाली ठाउँमा मिल्ने शब्द छानेर भर र कविता पूरा गर :

| | |
|---|---|
| सिर्जनाकी ...........हुँ म | (खानी, दुध, तेल) |
| सानी सानी ............ | (पानी, बानी, नानी) |
| सिकाइदेऊ ............... हुने | (राम्रो, चाम्रो, जुम्रो) |
| ........ हुने बानी | (पसल, असल, फसल) |
| | |
| घाम देऊ ......... मलाई | (गातो, जाँतो, तातो) |
| जुन देऊः .......... | (रोटी, ज्योति, लोटी) |
| राख्न सकुँ ............... मा | (हत्केला, जस्केला, फुस्केला) |
| पौरखका .................. | (टोपी, मोटी, मोती) |
| | |
| सबै भन्छन् ..... मलाई | (सानी, रानी, दानी) |
| ................... की पानी | (गाग्रा, कर्कला, चम्चा) |
| सानैदेखि राम्रो ............ | (नुहाए, भए, ढाँटे) |
| राम्रो हुन्छ ................ | (नानी, बानी, हानि) |

२१

# पश्चात्ताप

एक दिन बिहान गौतमबुद्ध रुखमुनि बसी शिष्यहरूलाई उपदेश दिँदै थिए - आफूसँग रिसाउनेको पनि कहिल्यै रिस नगर्नू । कसैले आफ्नो बिगार गरेछ भने पनि त्यसको बिगार नगर्नू । यसो गर्नाले रिसाउनेको पनि रिस मर्छ, बिगार गर्नेले पनि बिगार गर्न छोड्छ ।



त्यसै वेला एक जना मानिस त्यहाँ आयो । ऊ निकै धनी जस्तो देखिन्थ्यो ।

"म तिमीलाई नै खोज्दै आएको हुँ ।"

"किन खोज्नुभएको हो कुन्नि ?"

"तिमी नचाहिँदो कुरा मात्र गरेर हिँड्छौ । तिमी आफू पनि काम गर्दैनौ, अरूलाई पनि काम गर्न दिँदैनौ । खालि भाषण मात्र गर्दै हिँड्छौ ।"

यी सबै कुरा सुनेर चेलाहरूलाई रिस उठ्यो तर बुद्ध भने हाँसी मात्रै रहे ।

तिमीलाई हाँसिरहन लाज लाग्दैन ? अरूका छोराछोरीलाई बोलायो, गफ गऱ्यो, जोगी बनायो । उनीहरूका घरमा कति धेरै काम छ । उनीहरूलाई घरको काम गर्न पठाउनुपर्दैन ? त्यसै अलमल्याउने ? तिमी त पापी हौ ।

यति गर्दा पनि बुद्ध हाँसिरहे । उनलाई रिस उठेन । तर त्यस मान्छेलाई झन्झन्

रिस उठ्यो । उसले बुद्धलाई खुब गाली गऱ्यो । उसले अब त गाली गर्ने शब्द पनि पाएन । ऊ ज्यादै थाक्यो । थाके पछि ऊ घर फर्क्यो ।



"गुरु ! त्यस मान्छेले हजुरलाई खुब गाली गऱ्यो । तैपनि गुरुले केही भन्नुभएन ।" एक जना चेलीले कुरा उठाइन् ।

बुद्धले भने, "नानी ! यसमा आश्चर्य मान्नुपर्ने केही छैन । जससँग जे हुन्छ, उसले त्यही मात्र बाँड्न सक्छ । तिनीसँग रिस रहेछ, त्यही देखाए । मसँग त्यस्तो केही थिएन । म के दिऊँ ? त्यसैले म चुप लागेको हुँ ।"

"गुरुको उपदेश पाएका भए तिनको बुद्धि आउँथ्यो कि ?"

तिमीले भनेको ठिक हो ।

"तर अर्ती दिन पनि समय हेर्नुपर्छ, नत्र अर्ती दिएको काम लाग्दैन । मैले त्यति वेला अर्ती दिएको भए उनी झन् रिसाउँथे । त्यसैले मैले केही नभनेको हुँ ।"

"तर गुरु ! उनी त्यसै फर्किए । उनको भलो हुन पाएन नि त ।"

उनी अहिले त्यसै फर्के । तर उनको रिस शान्त भएपछि उनी फेरि आउने छन् । त्यति वेला उनलाई केही भनुँला ।

बाटामा धनी मान्छेका मनमा कुरा खेल्न थाले । उसले आफूले बुद्धलाई गाली गरेको पनि सम्झ्यो । आफूले गाली गर्दा पनि बुद्ध शान्त भएर बसेका थिए ।



मैले त्यसरी गाली गर्दा पनि उनी एक शब्द बोलेनन् । कस्तो शान्त स्वभाव ।

ऊ जति पर जान्थ्यो, त्यति उसलाई पश्चात्ताप हुन्थ्यो । त्यसैले ऊ घरै नगई फरक्क फर्केर बुद्ध भएको ठाउँमा आयो । ऊ बुद्धको पाउमा पऱ्यो ।

बुद्धलाई त्यस मान्छेप्रति दया जाग्यो । उनले उसलाई छातीमा टाँसे । उनले उसलाई आफ्नो शरणमा लिए ।

"हे प्रभु ! हजुर साँच्ची नै महात्मा हुनुहुँदो रहेछ । मैले भुल गरेँ, क्षमा पाऊँ । मलाई पनि चेलो बनाएर शरणमा लिनुहोस् ।" ऊ पुकार गर्न थाल्यो ।

"हेर बाबु ! घमन्ड र रिस मान्छेको सबैभन्दा ठुलो शत्रु हो । अघि तिमीसँग घमन्ड र रिस प्रशस्त थियो, अहिले सबै हरायो । त्यसैले म तिम्रो हुँ, तिमी मेरा हौ ।

## अभ्यास

१. सुन र भन :

पश्चात्ताप, गौतम, नचाहिँदो, आश्चर्य, अर्ती, उपदेश

२. 'पश्चात्ताप' कथा पढ र कक्षामा सुनाऊ ।

३. तिमीलाई आउने एउटा कथा सुनाऊ ।

४. सच्याएर कापीमा सार :

सीस्य, कहीलेइ, कून्नी, गर्दइनउ अलमलाउने, अर्ति, क्षेमा

५. शब्द र अर्थको जोडा मिलाऊ :

| शब्द | अर्थ |
|---|---|
| शिष्य | पछुतो |
| उपदेश | आफैँ ठुलो हुँ भन्ने धाक |
| बिगार | धेरै |
| भाषण | चेलो |
| आश्चर्य | सभामा व्यक्त गर्ने विचार |

| | |
|---|---|
| भलो | रक्षा गर्ने काम |
| स्वभाव | महान् मान्छे |
| पाउ | बानी |
| महात्मा | खुट्टा |
| शरण | असल |
| घमन्ड | अचम्म |
| प्रशस्त | उपद्रो |
| पश्चात्ताप | ज्ञानगुनका कुरा, अर्ती |

## ६ उत्तर भन :

(क) बुद्धकहाँ धनी मानिस किन आएको थियो ?

(ख) बुद्धका चेलालाई धनी मानिससँग किन रिस उठ्यो ?

(ग) धनी मानिसले बुद्धलाई के भन्यो ?

(घ) बुद्धले धनी मानिसलाई कस्तो जवाफ दिए ?

## ७. कसले कसलाई भनेको हो, भन :

(क) किन खोज्नुभएको हो, कुन्नि ?

(ख) खाली भाषण मात्र गर्दै हिँड्छौ ।

(ग) गुरु, उनी त्यसै फर्किए ।

(घ) क्षमा पाऊँ ।

(ङ) म तिम्रो हुँ, तिमी मेरा हौ ।

## ८. तलका शब्दलाई वाक्यमा प्रयोग गर :

| | | | | | |
|---|---|---|---|---|---|
| शिष्य, | भाषण, | स्वभाव, | शरण, | उपदेश, | आश्चर्य, |
| पाउ, | घमन्ड, | बिगार, | भलो, | महात्मा, | पश्चात्ताप |

## ९. मिल्दो शब्द थपी वाक्य पूरा गर :

(क) उनी फेरि ..................... । (आउने छ/आउने छन्/आउने छौ )

(ख) म यो कुरा पछि ............. । (भन्ला/भनुँला/भन्लान्)

(ग) तिमी आजै यो काम ......... । (गर्नुपर्छ/गर्‍यौ/गर)

(घ) तपाईँ त्यसै ......... । (फर्कनुभयो/फर्कियो/फर्किए)

(ङ) तँ उससँग .......... । (रिसाउने थियो/रिसाउने थिइस्/रिसाउने थियौ)

## १०. तालिकाबाट वाक्यहरू बनाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| जससँग | बुद्धि<br>विद्या<br>ज्ञान<br>सिप | छ, | उसले<br>त्यसले | विकास<br>प्रगति<br>उन्नति | गर्न सक्छ । |

## ११. उत्तर लेख :

(क) बुद्ध कस्तो उपदेश दिँदै थिए ?

(ख) धनी मानिसले बुद्धलाई के भनेर गाली गर्‍यो ?

(ग) चेलीले बुद्धलाई के भनिन् ?

(घ) बुद्धले चेलीलाई के जवाफ दिए ?

(ङ) धनी मान्छे फर्केर फेरि किन आयो ?

(च) धनी मानिसको मनमा कसरी परिवर्तन आयो ?

१२. **पढ, बुझ र लेख :**

(क) आफूसँग रिसाउनेको पनि कहिले रिस नगर्नू ।

(ख) तिनीसँग रिस रहेछ त्यही देखाए ।

(ग) अर्ती दिन पनि समय हेर्नुपर्छ ।

(घ) गुरुको उपदेश पाएको भए तिनको बुद्ध आउँथ्यो ।

(ङ) घमन्ड र रिस मान्छेका ठुला शत्रु हुन् ।

१३. **पश्चात्ताप कथाबाट के सिक्यौ, सङ्क्षेपमा लेख ।**

१४. **धेरैलाई जनाउने सन्दर्भमा तलका वाक्यहरूलाई परिवर्तन गर :**

**उदाहरण**

रुख ढल्यो ।

रुखहरू ढले ।

(क) विद्यार्थी खेल्छ ।

(ख) गाई आयो ।

(ग) त्यो लेख्छ ।

(घ) तिमी पढ ।

(ङ) म पढ्छु ।

१५. **उदाहरण हेरी 'अघि' र 'अहिले' प्रयोग गरी पूरा वाक्य बनाऊ :**

**उदाहरण**

झमझम पानी परेको, चर्को घाम लागेको

अघि झमझम पानी परेको थियो, अहिले चर्को घाम लागेको छ ।

(क) घाम लागेको, बादल लागेको

(ख) धारामा पानी, सुक्खा

(ग) हिँडेर, मोटर

(घ) बत्ती बलेको, बत्ती निभेको

(ङ) भोक लागेको, अघाएको

१६. "जोसँग जे हुन्छ उसले त्यही मात्र बाँड्न सक्छ ।" यस भनाइलाई बढाएर एक अनुच्छेदमा लेख ।

१७. तल दिइएका चित्र हेरी चित्र कथा लेखेर कक्षामा देखाऊ ।



२२

# किताब कसरी बन्छ ?




भाइबहिनी हो ! तिमीहरूको हातमा जुन किताब छ, त्यो कसरी बनेको होला ? तिमीहरूको मनमा यस्तो प्रश्न कहिल्यै आएको छ ? आएको भए पनि नभए पनि यस्तो जिज्ञासा राख्नु राम्रो हो । जिज्ञासाले नै हामी धेरै कुरा सिक्न सक्छौँ । कुनै पनि कुरा किन भयो होला ? कसरी भयो होला ? के हुने होला ? जस्ता प्रश्न मनमा राख्नुपर्छ । त्यसपछि त्यसका बारेमा खोजी गर्नुपर्छ । आफूभन्दा जान्नेबुझ्ने व्यक्तिसँग सोध्नुपर्छ ।

अब तिमीहरूलाई किताब कसरी बन्छ भन्ने जान्न खसखस लाग्यो होला, होइन त ? ल आओ, म छोटकरीमा बताउँछु ।

सर्वप्रथम किताब लेखाउने कार्यालयले लेखकलाई किताब लेख्न लगाउँछ । यस्तो कार्यालयलाई प्रकाशन संस्था भनिन्छ । त्यसपछि लेखकले किताब लेख्छन् र कार्यालयमा बुझाउँछन् । लेखकले कार्यालयमा बुझाउने किताबको प्रतिलाई पाण्डुलिपि






भनिन्छ । त्यस पाण्डुलिपिलाई कार्यालयले विशेषज्ञहरूद्वारा सम्पादन गराउँछ । सम्पादन भनेको नमिलेको कुरा मिलाउने र शुद्ध पार्ने काम हो । यसरी सम्पादन गरिसके पछि पहिलो चरण पूरा हुन्छ ।

पाण्डुलिपि सम्पादन गरिसकेपछि त्यसमा चित्र बनाउने काम हुन्छ । चित्र बनाउँदा पहिला कुन पाठमा कस्तो चित्र राख्नुपर्छ भन्ने कुरामा छलफल हुन्छ । छलफल गर्दा चित्रकार, लेखक र सम्पादकहरू एकै ठाउँमा बस्छन् ।

छलफलबाट चित्रको टुङ्गो लागे पछि चित्रकारहरूले चित्र बनाउँछन् । किताब बनाउने काममा कम्प्युटरको ठुलो भूमिका हुन्छ । स्वीकृत पाण्डुलिपिलाई कम्प्युटरमा टाइप गरिन्छ । एकपल्ट पूरा टाइप गरिसकेपछि भाषा सम्पादकले त्यसको भाषा हेर्छन् । भाषा हेर्दा अक्षर, शब्द, वाक्य आदि ठिक र शुद्ध छन् कि छैनन्, त्यस कुरामा बढी ध्यान दिइन्छ । अक्षरमा लागेका बाइमात्रा, दाहिने, तर्कुल्ले, बर्धन्ने वा ह्रस्वदीर्घ आदि हेर्ने काम पनि गरिन्छ । यस्तो कामलाई प्रुफ रिडिङ भनिन्छ ।

भाषा सम्पादन र प्रुफ पढ्ने काम सकिएपछि  पुनः कम्प्युटरमा सच्याइन्छ ।

भाषाका दृष्टिले पाठहरू शुद्ध भइसकेपछि चित्रकार वा डिजाइनरले उपयुक्त ठाउँमा चित्र राख्ने काम गर्छन् । त्यस्तै किताबका प्रत्येक पृष्ठ बनाउने काम पनि गर्छन् । छाप्नलाई तयार भएका पाठ्य सामग्री छपाइका लागि मुद्रककहाँ पठाइन्छ ।

मुद्रककहाँ उक्त सामग्री गएपछि मुद्रण गर्ने संस्थाले प्रत्येक पृष्ठको फोटो खिच्छ ।



फोटो खिचिसकेपछि एउटा छाप्ने यन्त्रमा राखेर किताब छापिन्छ । यहाँनेर एउटा कुरा तिमीहरूलाई भनौँ । फोटो नखिची पनि किताब छाप्न सकिन्छ । यो छुट्टै तरिका हो । यो तरिका यस्तो छ – जुन जुन अक्षर छाप्नुपर्ने हो, ती ती अक्षरका टुक्रा एउटा विशेष प्रकारको किस्तीमा मिलाएर राखिन्छ । त्यसपछि त्यस किस्तीमा मसी लगाएर त्यसको छाप कागजमा पारिन्छ । तिमीहरू आलु वा इरेजरमा कुनै अक्षर उल्टो हुने गरी कुँदेर त्यसमा मसी लगाओ । त्यसपछि एउटा कागजमा छाप्न लगाओ । त्यो अक्षर छापिन्छ, होइन त ? त्यस्तै तिमीहरूले विद्यालयको छाप देखेका हौला । कसरी कागजमा छाप आउँछ ।

पुस्तक जीवनको आधार हो । ज्ञान प्राप्त गर्ने एउटा राम्रो माध्यम पुस्तक पनि हो । अहिले पुस्तक छपाइमा परिवर्तन आएको छ । यसको मुख्य कारण विद्यार्थी र पाठक बढ्नु नै हो । धेरै र छिटो छाप्न त नयाँ तरिका नै चाहिन्छ । त्यसैले छपाइमा पनि आधुनिक तरिका विकसित भएको हो ।

मेसिनद्वारा किताब छाप्ने काम भएपछि त्यसलाई एउटै बन्धनमा राखिन्छ । त्यसपछि त्यसमा अलि बाक्लो खालको गाता हालिन्छ । त्यस गातामा किताबको नाम लेखिएको हुन्छ, होइन त ? यसरी किताब बनाइन्छ । यसपछि किताब विभिन्न ठाउँमा पठाइन्छ । यसरी तिमीहरूको हातमा पढ्ने किताब आइपुग्छ ।

## अभ्यास

१. **सुन र भन :**

खोजीनिती, कार्यालय, पाण्डुलिपि, तर्कुल्ले, बर्धन्ने, ह्रस्व, पृष्ठ, मुद्रण

२. **शुद्ध पारी कापीमा लेख :**

जीग्याशा, पर्काशन, बिसेशज्ञ, दिर्ध, पृस्ट, कीस्ति

३. **शब्द र अर्थको जोडा मिलाऊ :**

| शब्द | अर्थ |
| --- | --- |
| जिज्ञासा | कुनै विषयमा बढी जान्ने व्यक्ति |
| खसखस लाग्नु | छपाइ सम्बन्धी काम |
| प्रकाशन | शुद्ध पार्ने वा राम्ररी गरेर सिक्ने काम |
| विशेषज्ञ | छाप्ने व्यक्ति वा संस्था |
| सम्पादन | जान्ने इच्छा |
| कम्प्युटर | बढी उत्सुक हुनु |
| भूमिका | पाना |
| डिजाइनर | बाँध्ने धागो वा जुइनो |
| पृष्ठ | छपाइ तथा सञ्चार सम्बन्धी आधुनिक मेसिन |
| मुद्रक | योगदान |
| बन्धन | रूप र सज्जा मिलाउने व्यक्ति |

४. **उत्तर भन :**

(क) जिज्ञासा राख्दा के फाइदा हुन्छ ?

(ख) किताब लेख्न लगाउने संस्थालाई के भनिन्छ ?

(ग) सम्पादन भनेको के हो ?

(घ) किताबका पृष्ठहरूलाई किन बन्धनले बाँधिन्छ ?

(ङ) गातामा के लेखिएको हुन्छ ?

५. उत्तर लेख :

(क) किताब लेख्ने कार्यालयले गर्ने काम के के हुन् ?

(ख) विशेषज्ञहरूको काम के हो ?

(ग) मुद्रकको काम के हो ?

(घ) किताब कुन कुन तरिकाले छापिन्छ ?

(ङ) तिम्रो किताबको गातामा के के छन् ?

(च) किताब बनाउँदा पूरा गर्नुपर्ने कामको सूची बनाऊ ।

(छ) किताबको महत्त्व किन छ ?

६. बायाँ र दायाँका वाक्य मिलाई लेख :

| | |
|---|---|
| (क) तिमी जुन किताब लिन्छौ, | तिमी त्यसरी हाँस । |
| (ख) म जहाँ जान्छु, | ऊ त्यही भन्छ । |
| (ग) ऊ जसरी हाँस्यो, | म त्यही लिन्छु । |
| (घ) तपाईं जे भन्नुहुन्छ, | तिमी त्यहीँ जाऊ । |

७. तलको तालिकाबाट वाक्यहरू बनाऊ :

| | | | |
|---|---|---|---|
| हरि<br>रवि<br>बलराम<br>कृष्ण | घर<br>विद्यालय | गएको<br>आएको | थियो । |

८. मिल्ने चाहिँ शब्द छानी खाली ठाउँमा लेख :

(क) ऊ मलाई गृहकार्य ..................... । (गर्छ/गराउँछ)

(ख) सीता भाइलाई नेपाली ................. । (पढ्छिन्/पढाउँछिन्)

(ग) ज्योति साथीलाई हिसाब ............... । (सिक्छिन्/सिकाउँछिन्)

(घ) हामीले सबैलाई ................... पर्छ । (हाँस्नु/हँसाउनु)

९. शुद्ध पार :

(क) म कसैसँग रीसाउँ दिन ।

(ख) तिमी मेरो घर गयका छौ ?

(ग) शूर्य बिहान उडाउँछ ।

(घ) तिम्रो विध्यालय कुन हो ?

१० तल दिइएका शब्दहरूलाई तालिकामा भर :

किताब, छपाइ, चित्रकार, रवि, पोको, हुल, पानी, माया, शशी, फलाम

| व्यक्ति | जाति | वस्तु | समूह | भाव |
|---|---|---|---|---|
| | | | | |

११. पुस्तक पढ्दा के के कुरा थाहा पाइन्छ, लेख ।

१२. पुस्तक राखिने र पढिने ठाउँ पुस्तकालय हो । तिमीले पुस्तकालय देखेका छौ ? देखेका छैनौ भने कक्षामा साथीहरूसँग पुस्तकालयका विषयमा छलफल गर । नजिकमा पुस्तकालय भए त्यहाँ भ्रमण गर । त्यसपछि आफ्ना शिक्षकको समेत सहयोग लिई 'पुस्तकालय' शीर्षकमा एउटा सानो निबन्ध लेख ।

१३. तिमीलाई मन परेको कुनै किताब पढ र त्यसमा तिमीलाई राम्रो लागेका कुरा लेखेर शिक्षकलाई देखाऊ ।

## १४.. भित्तेपात्रो हेरी तल दिइएका प्रश्नको जवाफ देऊ :

**फागुन** February/March 2010 | वि.सं. २०६६ नेपाल संवत् ११३०

| | | | | | |
|---|---|---|---|---|---|
| | २ औंसी 14 | ९ सप्तमी 21 | १६ पूर्णिमा 28 | २३ सप्तमी 7 | आइतवार Sunday |
| | ३ प्रतिपदा 15 | १० अष्टमी 22 | १७ प्रतिपदा March 1 | २४ अष्टमी 8 | सोमवार Monday |
| | ४ द्वितीया 16 | ११ नवमी 23 | १८ द्वितीया 2 | २५ नवमी 9 | मंगलवार Tuesday |
| | ५ तृतीया 17 | १२ दशमी 24 | १९ तृतीया 3 | २६ दशमी 10 | वुधवार Wednesday |
| | ६ चतुर्थी 18 | १३ एकादशी 25 | २० चतुर्थी 4 | २७ एकादशी 11 | विहीवार Thursday |
| | ७ पञ्चमी 19 | १४ त्रयोदशी 26 | २१ पञ्चमी 5 | २८ द्वादशी 12 | शुक्रवार Friday |
| १ 13 | ८ षष्ठी 20 | १५ चतुर्दशी 27 | २२ षष्ठी 6 | २९ त्रयोदशी 13 | शनिबार Saturday |

(क) यो कति सालको पात्रो हो ?

(ख) पूर्णिमा कति गते परेको छ ?

(ग) माथि कुन कुन संवत् उल्लेख गरिएका छन् ?

(घ) यस महिनामा कति ओटा शनिबार परेका छन् ?

(ङ) २०६६ साल चैत्र १ गते के बार परेको होला ?